United Nations
Educational, Scientific and
Cultural Organization

Japan
Funds-in-Trust

# समावेशी शिक्षक शिक्षाको प्रवर्धन

# सामग्रीहरु

४

पैरवी निर्देशिका

# समावेशी शिक्षक शिक्षाको प्रवर्धन

# सामग्रीहरू

४

इयान कप्लान र इन्ग्रीड लेविस

ISBN 978-9937-9078-8-0

**प्रकाशक :**

युनेस्को बैंकक
शिक्षाका लागि एसिया तथा प्रशान्त क्षेत्रीय ब्यूरो
ममलुआङ पिन मलाकुल सेन्टेनरी भवन
९२० सुखुम्वित सडक, प्रकानोङ, क्लोङटोई
बैंकक १०११०, थाइल्यान्ड
APL/13/013-500

© युनेस्को २०१३
सर्वाधिकार सुरक्षित

ISBN 978-92-9223-444-7 (मुद्रण)
ISBN 978-92-9223-445-4 (इलेक्ट्रोनिक)

यस प्रकाशनका कुनै पनि सामग्रीका प्रस्तुतिहरूमा कुनै देशको कानुनी अवस्था या कानुनसँग सम्बन्धित सवालमा युनेस्कोको आफ्नो मनसाय रहेको छैन । त्यस्तै गरी कुनै देशको, खास सहर वा भौगोलिक क्षेत्रको सीमानासँग सम्बन्धित कुराहरूका बारेमा युनेस्कोले टिप्पणी गर्ने मनसायबाट पनि यी सामग्रीहरूमा कुनै पनि खालको प्रस्तुति गर्न खोजिएको छैन ।

यसमा उल्लेखित तथ्यहरूको छनोट र प्रस्तुतीकरणका लागि लेखकहरू जिम्मेवार छन् । त्यसै गरी यहाँ अभिव्यक्त भएका विचारहरूका सम्बन्धमा पनि उनीहरू जिम्मेवार छन्, जुन युनेस्कोका आधिकारिक धारणा नहुन सक्छन् र ती कुरामा यस संस्थाको जवाफदेहिता रहँदैन ।

सूचनाको व्यापक प्रचार-प्रसारका लागि युनेस्को बैंकक प्रतिबद्ध छ र त्यस उद्देश्यमा रहेर यो पुस्तिका वा अन्य प्रकाशित सामग्रीहरूको पुनरमुद्रण, पुनःप्रकाशन वा अनुकुलन (adaptation) अथवा अनुवादका लागि गरिने सोधपुछलाई सदैव स्वागत गरिन्छ । यसबारेमा विस्तृत जानकारी लिन ikm.bgk@unesco.org मा सम्पर्क राख्न सक्नु हुनेछ ।

प्रतिलिपि सम्पादक (copy-editor) : स्याण्डी ब्यारोन
डिजाइन ले आउट : वारेन फिल्ड

ISBN 978-9937-9078-8-0 (नेपाली भर्सन)
मुद्रण : क्वालिटी प्रिन्टर्स, काठमाडौं

# भूमिका

समावेशी शिक्षा वास्तवमा सम्पूर्ण सिकारु (विद्यार्थी) हरूको सिकाइमा सहभागिता बढाएर उनीहरूका विभिन्न प्रकारका आवश्यकताहरूलाई सम्बोधन गर्दै सिकाउने एउटा प्रक्रिया हो । यसमा उनीहरूका सिकाइ अनुभवहरू र सिकाइ उपलब्धिहरूको सबलीकरण गर्ने प्रक्रिया सँगसँगै चल्दछ र शिक्षामा हुने बहिस्करण (exclusion) लाई न्यून गरिन्छ । समावेशी शिक्षाका लागि काम गरिरहँदा "सबैका लागि शिक्षा" (Education for All) को साझा दूर दृष्टिबाट निर्देशित भएर शिक्षण सिकाइका विषयवस्तु, अवधारणाहरू (approaches), शैक्षिक प्रक्रिया, संरचना तथा रणनीतिहरूमा महत्त्वपूर्ण परिवर्तन तथा सुधार गर्नुपर्ने खाँचो पर्दछ । यस प्रक्रियामा शिक्षकहरूले आवश्यक भूमिका खेल्नुपर्ने अपरिहार्य छ ।

पूर्वसेवाकालीन (pre-service) शिक्षक शिक्षाले भविष्यका शिक्षकहरूलाई आवश्यक पर्ने ज्ञान, क्षमता र मूल्यहरू (values) प्रदान गर्नै पर्दछ, जसबाट उनीहरू आफ्नो कार्यथलोमा समावेशी सिकाइ वातावरणको निर्माण र विकास गर्न सकून् । तथापि हालसालै युनेस्कोको शिक्षाका लागि एसिया-प्रशान्त क्षेत्रीय ब्यूरो (युनेस्को बैंकक) द्वारा नेतृत्व गरिएको एक अध्ययनले निकालेको निष्कर्षअनुसार यस क्षेत्रका देशहरूमा हुने पूर्वसेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरूको पुनरावलोकन (review) गरी निकालिएको निष्कर्षअनुसार यस क्षेत्रका धेरै देशहरूमा सञ्चालन हुने पूर्वसेवाकालीन शिक्षक शिक्षाले आफ्ना स्नातकहरूलाई विद्यार्थीका विभिन्नताहरूको प्रभावकारी सम्बोधन गर्नसक्ने बनाउनका लागि धेरै कुराहरू गर्न अझै बाँकी छ ।

यस पृष्ठभूमिमा यो "समावेशी शिक्षक शिक्षाको प्रवर्धन : पैरवी निर्देशिका" शीर्षकको यो प्रकाशनलाई युनेस्को बैंककले बाहिर ल्याएको छ । यसअन्तर्गत पाँचवटा पुस्तिकाहरू छन् : परिचय, नीति, पाठ्यक्रम, सामग्रीहरू र विधि । शिक्षक शिक्षालाई बढीभन्दा बढी समावेशी बनाउनका लागि पूर्वसेवाकालीन शिक्षक शिक्षामा परिवर्तन र सुधार गर्नेतर्फ पैरवी (advocacy) गर्न चाहने जोसुकैलाई पनि सहयोग पुगोस् भन्ने मनसायले यी सामग्रीहरू प्रस्तुत गरिएको छ । यी पुस्तिकाहरू हु-बहु लागू गर्नपर्ने निर्देशिका चाहिँ होइनन् बरु यिनले पैरवीकर्ताहरू (advocates) लाई केही उपायहरू अवश्य सुझाउँछन् – जसलाई आफ्नो विशिष्ट परिस्थिति र आवश्यकताअनुसार समायोजन गरी लागू गर्न सकिन्छ ।

यी सामग्रीहरूको प्रकाशनबाट एसिया-प्रशान्त क्षेत्रको शिक्षक शिक्षालाई सुधार गर्न र सबल तुल्याउन मद्दत पुग्छ भन्ने मैले आशा लिएको छु – जसबाट बढी समावेशी र गुणस्तरीय शिक्षा प्रणालीको विकास गर्न सकियोस् ।

**ग्वाङ-जो किम**
निर्देशक
युनेस्को बैंकक

# कृतज्ञता

“समावेशी शिक्षक शिक्षाको प्रवर्धन : पैरवी निर्देशिका” को प्रकाशन वास्तवमा एउटा सामुहिक प्रयासको उपज हो । यस प्रयासमा योगदान पुऱ्याउने सम्पूर्ण व्यक्तिहरूलाई युनेस्को बैंकक धन्यवाद ज्ञापन गर्दछ ।

प्रस्तुत प्रकाशित सेटअन्तर्गतका ५ वटा पैरवी निर्देशिकाहरूका लेखक ईन्याबलिङ एजुकेसन नेटवर्क (EENET) CIC का इयान कप्लान र ईन्ग्रिड लेविसलाई यस कामका लागि विशेष कृतज्ञता व्यक्त गरिन्छ । इयान र इन्ग्रिडले EENET CIC का माध्यमबाट मात्र होइन त्यसबाहिरबाट पनि समावेशी शिक्षाको सिद्धान्त र प्रयोगका सम्बन्धमा आफ्नो ज्ञान र विशेषज्ञतालाई बहुतै खुल्ला हृदयले प्रचारमा ल्याउनुभएको छ र यी पैरवी निर्देशिकाहरू (Advocacy guides) को विकास गर्ने क्रममा हामी उहाँहरूबाट साँच्चिकै लाभान्वित भएका छौं ।

त्यसै गरी बंगलादेश, कम्बोडिया, चीन, लाओ पिडि आर (Lao PDR), मंगोलिया, नेपाल, थाइल्यान्ड र भियतनामका अनुसन्धान टोलीमा रहेका व्यक्तिहरू पनि धन्यवादका पात्र हुनुहुन्छ – जो २००८–२००९ मा सम्पन्न पूर्वसेवाकालीन शिक्षक शिक्षा प्रणालीहरूको गहन समीक्षा र अवस्था विश्लेषण (situation analysis) कार्यमा संलग्न हुनुभयो र २०१०–२०११ मा भएको पुनरावलोकन (follow up review) मा पनि काम गर्नुभयो अनि आ-आफ्नो देशका तर्फबाट प्रतिवेदन (country report) तयार पार्नुभयो । ती प्रतिवेदनहरूका आधारमा नै यी पैरवी निर्देशिकाहरू तयार गरिएको हो । त्यसै गरी २०१२ जुलाइमा बैंककमा सम्पन्न “गुणस्तरीय शिक्षक शिक्षाका माध्यमबाट एसिया-प्रशान्त क्षेत्रमा समावेशी शिक्षा” विषयक युनेस्कोद्वारा आयोजित विज्ञहरूको बैठकका सहभागीहरूप्रति पनि हामी आभारी छौं । उहाँहरूको अमूल्य सल्लाह तथा सुझावबाट यी निर्देशिकाहरूलाई यस रूपमा ल्याउन महत्त्वपूर्ण सहयोग प्राप्त भएको छ ।

समावेशी शिक्षाको क्षेत्रमा काम गरेका धेरै विशेषज्ञहरूले आफ्नो महत्त्वपूर्ण समय दिएर पैरवी निर्देशिका पुस्तिकाहरूमा प्रतिक्रिया तथा राय-सुझाव प्रदान गर्नुभएको छ । यसरी प्राप्त प्रत्येक राय-सुझाव र प्रतिक्रियाहरू यी निर्देशिकाहरूलाई स्तर सम्पन्न बनाउनका लागि सहायक सिद्ध भएका छन् । उहाँहरूले दिनुभएको समय, दक्षता र यस कार्यमा देखाउनुभएको उत्साहका लागि युनेस्को बैंकक हार्दिक आभार व्यक्त गर्दछ । यी व्यक्तिहरू हुनुहुन्छ : विशेष आवश्यकता शिक्षाको विकासका लागि युरोपेली नियोग (European Agency for Development in Special Needs Education) का सेल्डन सेफर, अमन्डा वाट्किन्स् र भेरिटि डोन्ली । त्यसै गरी Summer Institute of Linguistics का क्याथरिन योङ र किर्क पर्सन अनि वर्ल्ड अफ ईन्क्लुजन (World of Inclusion) का रिचार्ड राईजर, युनिसेफ न्युयोर्कका स्टेफानेइ होज तथा कोन कयोन विश्वविद्यालयका पेन्नी नरोट पनि धन्यवादका पात्र हुनुहुन्छ ।

यसका अतिरिक्त युनेस्कोमा कार्यरत धेरै साथीहरूको सल्लाह-सुझाव एवम् प्रतिक्रियाका साथै महत्त्वपूर्ण सहयोगबाट पनि यी पैरवी निर्देशिकाहरूको स्तर वृद्धिमा सहयोग पुगेको छ । शिक्षाको अन्तर्राष्ट्रिय

ब्यूरो (International Bureau of Education), युनेस्कोको मुख्यालयमा रहेको आधारभूत शिक्षा शाखा (Section for Basic Eduation) का साथै बेइजिङ, ढाका, हनोइ, काठमाडौं तथा नोम पेन् (Phnom Penh) मा रहेका युनेस्कोका अफिसहरूमा कार्यरत हाम्रा साथीहरूले यसका लागि ठूलो सहयोग गर्नुभएको छ । युनेस्को बैंककमा हाल कार्यरत र विगतमा काम गर्नुभएका साथीहरूको निरन्तर सहयोगबिना यो कार्य सम्पन्न हुने थिएन । उहाँहरूलाई पनि हामी सधैंजस्तै गरी हृदयदेखि नै धन्यवाद टक्र्याउन चाहन्छौं ।

अन्तमा हामी "सबैका लागि शिक्षा र दिगो विकासका लागि शिक्षा तर्फ गुणस्तरीय शिक्षक शिक्षालाई पुनःनिर्देशित गर्ने" (Reorienting Quality Teacher Education Towards Education for All and Education for Sustainable Development) परियोजनाको सञ्चालनका लागि आर्थिक सहयोग जुटाइदिएकामा जापानको शिक्षा, संस्कृति, खेलकूद, विज्ञान तथा प्रविधि मन्त्रालयलाई विशेष धन्यवाद दिन चाहन्छौं ।

एसिया-प्रशान्त क्षेत्रमा समावेशी शिक्षक शिक्षा सुनिश्चित गर्नका लागि यस कार्यले पुऱ्याउने फाइदाको लागि उहाँहरूले गर्नुभएको यो सहयोगको हामी विनम्रतापूर्वक खुला दिलले सराहना गर्छौं ।

# विषय-सूची

**परिचय** ........ **१**
शिक्षक शिक्षा सामग्रीहरू भन्नाले के बुझिन्छ ? ........ १
किन शिक्षक शिक्षा सामग्रीहरू महत्त्वपूर्ण पैरवीका मुद्दा हुन् ? ........ १

**चुनौती १ : उपयुक्त सामग्रीहरू** ........ **३**
परिस्थितिको विश्लेषण ........ ३
पैरवी लक्ष्यहरू ........ ५

**चुनौती २ : व्यवहारिक सामग्रीहरू** ........ **८**
परिस्थितिको विश्लेषण ........ ८
पैरवी लक्ष्यहरू ........ ८

**चुनौती ३ : सामग्रीहरू निर्माण र प्रयोगमा लचकता** ........ **११**
परिस्थितिको विश्लेषण ........ ११
पैरवी लक्ष्यहरू ........ १२

**चुनौती ४ : बहिष्करण (Exclusion) गराउने सामग्रीहरूको निषेध** ........ **१४**
परिस्थितिको विश्लेषण ........ १४
पैरवी लक्ष्यहरू ........ १७

**यो पैरवीले सकारात्मक प्रभाव पारिरहेको छ भन्ने कुरा कसरी थाहा पाउने ?** ........ **१८**

**अनुसूची** ........ **१९**

# परिचय

यो 'सामग्री' शिर्षकमा  तयार पारिएको पैरवी निर्देशिका समावेशी शिक्षक शिक्षा प्रवर्धनका शृङ्खलाबद्ध पाँच वटा निर्देशिकामध्येको चौथो हो । यसलाई एक्लै  वा अन्य चार वटा  निर्देशिका : 'परिचय', 'नीति', 'पाठ्यक्रम' र 'विधि' सँग मिलएर प्रयोग गर्न पनि सकिन्छ ।

यो निर्देशिकाले शिक्षक शिक्षामा प्रयोग गरिने शिक्षण सामग्रीका सम्बन्धमा रहेका चुनौती र अवरोधहरूबारे जोड दिन्छ। यसले शिक्षक शिक्षा संस्थाहरू, शिक्षा  मन्त्रालयहरू र शिक्षाका अन्य मुख्य सरोकारवालाहरूलाई समावेशी शिक्षण सिकाइ सामग्रीहरूको अनुकूलन, विकास र कार्यान्वयन गर्ने रणनीति एवं समाधानका उपायहरूको वकालत गर्न सहयोग गर्दछ ।

## शिक्षक शिक्षा सामग्रीहरू भन्नाले  के बुझिन्छ ?

शिक्षक शिक्षा सामग्रीमा धेरै किसिमका सामग्रीहरू पर्दछन् । यसमा शिक्षक प्रशिक्षकहरूले प्रयोग गर्ने शिक्षण सामग्रीहरू र विद्यार्थी शिक्षकहरूले प्रयोग गर्ने सिकाइ सामग्रीहरू पनि पर्दछन् । यो पैरवी निर्देशिकामा हामीले शिक्षक शिक्षामा प्रयोग हुने शिक्षण सिकाइ सामग्रीहरूलाई विशेषरूपमा जोड दिन खोजेका छौँ । यसमा शिक्षक र बालबालिकाले विद्यालयस्तरमा प्रयोग गर्ने सामग्रीहरूलाई धेरै जोड दिइएको छैन । शिक्षक शिक्षा सामग्रीका उदाहरणहरू निम्नानुसार  छन् :

- पाठ्यपुस्तकहरू
- कार्यपुस्तिकाहरू, पाठपत्रहरू (Handouts), रुजुसूचीहरू आदि
- सन्दर्भ सामग्रीहरू
- पोस्टर र अन्य दृश्य सामग्रीहरू
- नमुनाहरू र अरू दृश्य तथा स्पर्श प्रतीकहरू
- श्रव्य दृश्य  सामग्रीहरू
- कम्प्युटर सफ्टवेयर

शिक्षक शिक्षा सामग्रीहरू पाठ्यक्रमको पुरकका रूपमा प्रयोग गरिनुपर्छ र शिक्षक प्रशिक्षकहरूलाई कक्षामा प्रस्तुति गर्न सहयोगी हुनुपर्दछ । निकटतम सम्बन्ध हुँदाहुँदै पनि शिक्षक शिक्षा पाठ्यक्रम र शिक्षक शिक्षा सामग्रीहरू एउटै कुरा होइनन् । पाठ्यक्रम भनेको निश्चित सिकाइ उपलब्धि प्राप्त गर्ने उद्देश्यले निर्माण गरिएका सिकाइका अनुभवहरूलाई व्यवस्थित र सिलसिलाबद्ध गर्ने एउटा तरिका हो । पाठ्यक्रमले के सिकाइ  हुनेछ, किन हुनेछ र कसरी हुनेछ भन्ने कुराको मार्गचित्र प्रस्तुत गर्दछ । यस्ता सामग्रीहरूले यही प्रक्रियालाई सहयोग गर्दछन् तापनि कुनै कुनै परिस्थितिमा प्रयोग गरिएका सामग्रीहरू पाठ्यक्रमसँग मेल नखाने वा समग्रमा पाठ्यक्रमलाई सुदृढ नगराउने खालका हुन सक्छन् ।

## किन शिक्षक शिक्षा सामग्रीहरूलाई महत्त्वपूर्ण मुद्दाको रूपमा लिइन्छ ?

कुनै पनि शिक्षण सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । विद्यार्थी शिक्षकहरूका लागि शैक्षिक सामग्रीहरूले मुख्य सैद्धान्तिक धारणाहरू बनाउन महत्त्वपूर्ण अन्तर्दृष्टि प्रदान गर्नुका साथै व्यवहारिक र वास्तविक जीवनसँग सम्बन्धित अनुभवहरू प्रदान गर्दछन् जसले सिद्धान्तलाई उपयुक्त सन्दर्भमा उतार्न मद्दत गर्दछन् ।

एउटा आदर्श परिस्थितिमा शिक्षक प्रशिक्षकहरूले समालोचनात्मक र स्वतन्त्र रूपले सोच्न सक्ने र विभिन्न खालका सामग्रीहरू अध्ययन गर्ने नयाँ शिक्षकहरू तयार गर्न सहयोग गरिरहेका हुन्छन् । त्यस्ता शिक्षकहरूले आफूहरूले अध्ययन गरिरहेका सामग्रीहरूको प्रायोगिकता र सान्दर्भिकताका बारेमा आफ्नै खालको निष्कर्ष निकाल्न सक्दछन् । विद्यार्थी शिक्षकहरूले आफूले पढेका सामग्रीहरूमाथि आत्मविश्वासका साथ समालोचनात्मक तरिकाले सोच्नसक्ने हुँदा हुँदै पनि शिक्षक शिक्षामा प्रयोग हुने सामग्रीहरू विद्यार्थीमैत्री, गुणस्तरीय, सान्दर्भिक र सजिलै उपलब्ध हुनसक्ने खालका हुनु महत्त्वपूर्ण कुरा हुन आउँछ । त्यसकारण, समावेशी शिक्षाका लागि शिक्षक तयार गर्न शिक्षक शिक्षा पाठ्यक्रममा सुधार ल्याउनु छ भने शिक्षक शिक्षा कार्यक्रममा प्रयोग हुने शैक्षिक सामग्रीहरूको पनि उस्तै रूपमा परिमार्जन हुनुपर्छ ।

# चुनौती-१
# उपयुक्त सामग्रीहरू

## परिस्थितिको विश्लेषण

***समावेशी शिक्षा सामग्रीहरूको चरम अभाव छ***

सामान्यतया विद्यालयहरू र शिक्षक शिक्षा संस्थाहरूका लागि धेरैजसो परिस्थितिमा शिक्षण सिकाइ सामग्रीहरूको अभाव छ । त्यसैले यस्ता संस्थाहरूमा समावेशी शिक्षाको लागि आवश्यक शिक्षण सिकाइ सामग्रीहरू अभाव हुनु अस्वाभाविक ठानिन्न । तापनि पैरवी निर्देशिका - ३ मा हामीले पाठ्यक्रम सम्बन्धी मुद्दाका बारेमा उल्लेख गरेजस्तै यो कुरा थाहा पाएका छौं । एउटा प्रभावकारी दृष्टिकोणबाट हेर्दा समावेशी शिक्षाका लागि छुट्टै पाठ्यांशहरूको आवश्यकता पर्दैन र छुट्टै सामग्रीको पनि आवश्यकता पर्दैन । तर पनि सबै पाठ्यपुस्तकहरू र शिक्षक शिक्षा सामग्रीहरूको एक अभिन्न र साझा सन्देशको रूपमा समावेशी शिक्षा रहेको छ भन्ने कुराको प्रत्याभूति गराउनुपर्छ ।

युनेस्को बैङककद्वारा भर्खरै गरिएको शिक्षक शिक्षाको पुनरावलोकनले यस्तो प्रायः भइरहेको छैन भन्ने कुरालाई स्पष्ट गरेको छ । उदाहरणका लागि केही देशहरूमा प्रयोग भइरहेका शिक्षक शिक्षा पाठ्यपुस्तकहरू र सम्बन्धित सामग्रीहरूको विश्लेषण गर्दा तिनमा समावेशी शिक्षा र यससम्बन्धी अवधारणाहरू उल्लेख गरेको वा अन्य तरिकाबाट सम्बोधन गरेको पाइएन ।[1] शिक्षक शिक्षाका मुख्य मुख्य सामग्रीहरूमा पनि समानता र समावेशितासम्बन्धी सन्देशहरू प्रायः समावेश गरेका पाइँदैन ।

***उपलब्ध सामग्रीहरूमा प्रायः समावेशी शिक्षाको व्यापक बुझाइको प्रतिविम्ब देखिदैन***

केही समावेशी शिक्षाका सामग्रीहरू जहाँ उपलब्ध छन् (छुट्टै स्रोतहरूको रूपमा वा मुख्य सामग्रीमा समाहित भएर) तिनीहरूमा समावेशी शिक्षालाई बृहत् रूपमा गहन विषयवस्तुका रूपमा प्रस्तुत नगरिएको हुन सक्छ । ती सामग्रीहरूले केवल 'अपाङ्गता वा विशेष आवश्यकता'लाई साँघुरो वा संकुचित रूपमा जोड दिएका हुन सक्छन् । यसले बहुसंख्यक शिक्षक शिक्षा पाठ्यक्रमहरूमा अपनाइएको दृष्टिकोणको प्रतिविम्बन गर्दछ ।

उदाहरणका लागि एउटा देशमा भर्खरै गरिएको अध्ययनले पाठपत्रहरू (Handouts) मुख्य गरी तालिम सामग्रीहरूका रूपमा प्रयोग गरिएको र यिनमा केवल विशेष आवश्यकता भएका बालबालिकाले झेल्नुपरेका चुनौतीहरूको बारेमा मात्र जोड दिइएको पाइयो तर यिनीहरूमा समावेशी शिक्षाका लागि अपनाउनुपर्ने बृहत् दृष्टिकोण प्रस्तुत गरिएको पाइएन ।[2] यस्तो हुनुको कारण शिक्षक शिक्षा सामग्रीहरूलाई नियमित रूपमा पुनरावलोकन एवं अद्यावधिक गर्न आर्थिक स्रोत उपलब्ध नहुनु अथवा शिक्षा मन्त्रालय तथा/वा शिक्षक शिक्षा संस्थाहरूको रणनीति र बजेटहरूमा अद्यावधिक गर्ने प्रक्रियालाई त्यति महत्त्वका साथ नहेरिनु पनि हुन सक्दछ । यसबाट के देखिन्छ भने शिक्षक शिक्षा सामग्रीहरू निर्माण वा योजना गर्ने जिम्मा पाएका व्यक्तिहरूमा निरन्तर पेसागत विकासको अभाव छ र उनीहरू परिवर्तनको आवश्यकताबारे बेखबर छन् वा कसरी परिवर्तन गर्न सकिन्छ भन्ने तरिकाको बारेमा अनिश्चित हुन सक्दछन् ।

[1] Forgacs, R. 2012. Strengthening Teacher Education to Achieve EFA by 2015. How are student teachers prepared to adopt inclusive attitudes and practices when they start teaching? Synthesis and analysis of the reviews of pre-service teacher education systems in Bangladesh, Combodia, China, Lao PDR, Mongolia, Nepal, Thailand and Viet Nam (2008-2011). Bangkok, UNESCO, p. 33.

[2] Ibid., p. 34.

### *सामग्रीहरू अक्सर स्थानीय परिवेशसँग सान्दर्भिक छैनन्*

धेरैजसो शिक्षक शिक्षा सामग्रीहरू विद्यार्थी शिक्षककहरूको परिवेशभन्दा बाहिरबाट निर्माण गरिएका हुन्छन् । जस्तै : युरोप, संयुक्त राज्य अमेरिका वा अष्ट्रेलियामा प्रकाशित पुस्तकहरू एसियाभरि नै प्रयोग भएका हुन्छन् । यिनीहरूमा समावेशी शिक्षाका सन्देशहरू राम्रोसँग उल्लेख गरिएको पाइए तापनि विद्यार्थी शिक्षकहरूले आफ्नो परिवेशमा यिनीहरूको कार्यान्वयन गर्न समस्या भोल्नुपर्ने हुनसक्छ किनकि त्यहाँको परिवेशमा स्रोत साधनको उपलब्धता र संस्कृति आदिका कुरामा उल्लेख्य भिन्नता पाइन्छ । यसले गर्दा विद्यार्थी शिक्षककहरूमा समावेशी शिक्षा आयात गरिएको दृष्टिकोण हो र यो उनीहरूको देशमा अनुकूल हुँदैन भन्ने विचार उत्पन्न हुन सक्छ । त्यसै गरी उनीहरूमा आफ्नो परिवेशसँग अनुकूल नहुने विषयवस्तुको सिकाइ र कार्यान्वयनमा धेरै दुःख गरिरहेका छौ भन्ने भावनाको विकास हुन सक्दछ ।

अन्यत्रबाट प्राप्त शिक्षक शिक्षा सामग्रीहरू विभिन्न विचारहरू र दृष्टिकोणहरूको बीच तुलना गर्न उपयोगी हुन सक्छन् । तर प्रायजसो शिक्षक प्रशिक्षकहरू वा/तथा विद्यार्थी शिक्षकहरूलाई यी सामग्रीहरूको व्याख्या विश्लेषण कसरी गर्ने र आफ्नो परिस्थिति अनुकूल बनाएर कसरी प्रयोग गर्ने भन्ने बारेमा कुनै किसिमको सल्लाह सुझाव र सहयोग उपलब्ध गराइएको छैन ।

त्यसै गरी बाहिरबाट आयातित सामग्रीहरू अंग्रेजी भाषामा हुन सक्छन् वा बहुसंख्यकले बोल्ने राष्ट्रिय भाषामा अनुवाद गरिएका हुन सक्छन् । यी सामग्रीहरू सबै विद्यार्थी शिक्षकहरूलाई सहजता हुने गरी विभिन्न अल्पसंख्यक भाषाहरूमा भने अनुवाद गरिएका छैनन् ।

स्थानीय रूपमा निर्माण गरिएका सामग्रीहरू पनि कहिलेकाहीँ तिनीहरूको प्रयोग हुने परिवेशहरूमा सान्दर्भिक नहुन सक्दछन् । शिक्षक शिक्षा सामग्री निर्माणकर्ताहरू (जस्तै : पाठ्यक्रम निर्माता) ले पनि आफ्नो देशको लिङ्ग, अपाङ्ता, जातियता, भाषा साथै ग्रामीण/सहरी पृष्ठभूमिको आवश्यक प्रतिनिधित्व गर्दैनन् । शिक्षक शिक्षा सामग्रीको निर्माणमा लागेका व्यक्तिहरूले तयार गरेका सामग्रीहरूमा समाजमा पछि परेका समूहहरूप्रतिको पारम्परिक धारणा र साझा सांस्कृतिक पूर्वाग्रहहरू जानी नजानी प्रतिविम्बित हुन गई तिनले निरन्तरता पाइरहेका हुन सक्छन् ।

तपाईंको आफ्नो परिवेशमा स्थिति विश्लेषण गर्न मद्दत पुऱ्याउन आफूलाई सोध्न सकिने प्रश्नहरू:

- सामान्यतया शिक्षक शिक्षा संस्थाहरू र विद्यार्थी शिक्षकहरूको प्रशस्त संख्यामा उपलब्ध सामग्रीहरूप्रति पहुँच छ त ? के त्यहाँ प्रशस्त पुस्तकहरू, सामग्रीहरू भएको पुस्तकालय छ ? र ती संस्थाका पुस्तक पसलहरूमा सजिलै किन्न सकिने पुस्तकहरू छन् ?
- कति धेरै शिक्षक शिक्षा सामग्रीहरूले (क) समावेशी शिक्षामा विशेष जोड दिएका छन् ? (ख) के यी सामग्रीहरूले अरू विषयवस्तुको कुरा गर्दा समावेशी शिक्षाका कुरा संलग्न गर्दछन् ?
- के पाठ्यक्रम र सामग्रीहरूबीचमा तादात्म्यता छ ?
- के शिक्षक शिक्षा सामग्रीहरूले समावेशी शिक्षाको धारणाको बृहत् दृष्टिकोण प्रस्तुत गर्छन् वा तिनीहरूले केवल अपाङ्गता र विशेष आवश्यकता भएकाहरूलाई मात्र जोड दिन्छन् ? के यस्ता सामग्रीहरूले विद्यार्थी शिक्षकहरूलाई विशेष आवश्यकता र अपाङ्गताका साथसाथै विविधता र विभेदसम्बन्धी मुद्दाहरूको बारेमा सोच्न प्रोत्साहित गर्दछन् ? वा के यस्ता सामग्रीहरू विशिष्ट पाठ्यांशहरू अध्ययन गर्ने विद्यार्थी शिक्षकहरूका लागि मात्र लक्षित गरिएका हुन् ?
- के शिक्षक शिक्षा सामग्रीहरूले निम्न चुनौतीहरूका बारेमा छलफल गर्दछन् ?

  (क) फरक-फरक उमेर समूहका बालबालिकालाई शिक्षण

(ख) ठूला कक्षाहरूमा सबै विद्यार्थीहरूलाई सिकाइमा समाविष्ट गरिएको छ भन्ने कुराको प्रत्याभूति
(ग) शिक्षण विधिहरूबाट लैङ्गिक (पूर्वाग्रह) विभेदको अन्त्य
(घ) बहुभाषिक कक्षा शिक्षण र मातृभाषामा शिक्षण

- के शिक्षक शिक्षा सामग्रीहरूले माथिका मुद्दाहरूमा व्यवहारिक सुझाव पनि दिन्छन् ?
- समावेशी शिक्षालाई समावेश गर्ने कुन शिक्षक शिक्षा सामग्री, कति धेरै संख्यामा वा स्थानीय/राष्ट्रिय रूपमा प्रकाशित भएका छन् ? कति/कुन सामग्रीहरू तपाईंको क्षेत्रभन्दा बाहिरबाट प्रकाशित छन् ?
- स्थानीय स्तरमा प्रकाशित नहुने सामग्रीहरू कहाँबाट आयात गरिन्छन् ? यिनीहरूको पहिचान र चयन कसरी गरिन्छ ?
- शिक्षक शिक्षा सामग्रीको रूपमा सिफारिस गरिएका सामग्रीहरूलाई सूचीमा राख्नुभन्दा पहिला के यसरी बाहिरबाट आयातित सामग्रीलाई स्थानीय परिस्थितिमा सान्दर्भिक हुने नहुने भनेर पुनरावलोकन गरिन्छ ? के शिक्षक प्रशिक्षकहरूलाई यी सामग्रीहरूलाई स्थानीय परिस्थिति अनुकूल कसरी बनाउने भन्ने बारेमा सुझाव वा प्रशिक्षण दिइन्छ ?
- समावेशी शिक्षालाई समेट्ने वा योसँग जोडिएर आउने कति धेरै शिक्षक शिक्षा सामग्रीहरू स्थानीय वा राष्ट्रिय भाषाहरूमा प्रकाशित हुन्छन् ?
- समावेशी शिक्षासम्बन्धी शिक्षक शिक्षाका सामग्रीहरू निर्माण गर्ने क्रममा समाजका विभिन्न समूहका व्यक्तिहरू जस्तै : पुरूष, महिला अपाङ्गता भएका, भाषिक र जातीय समुदायका मानिसहरू, ग्रामीण र सहरी परिवेशका मानिसहरू आदिलाई समावेश गराइन्छ ? उनीहरूलाई यी सामग्रीहरूका लेखकहरूका रूपमा वा/एवं तिनको उदाहरण पेश गर्ने कलाकारको रूपमा समावेश गराइन्छ ? अथवा के उनीहरूलाई सरोकारवालामार्फत परामर्श प्रक्रियामा समावेश गराइन्छ वा दुवै रूपमा गराइन्छ ?

## पैरवी लक्ष्यहरू

कुनै पनि शिक्षण सिकाइको परिस्थितिमा हामीले धेरैभन्दा धेरै स्रोत र शिक्षण सिकाइ सामग्रीहरू उपलब्ध भएको अपेक्षा गर्दछौं । समावेशिता वा समावेशी शिक्षक शिक्षाको पैरवीका सम्बन्धमा आवश्यक शिक्षक शिक्षा सामग्रीहरूको प्रकार र गुणस्तरको बारेमा स्पष्ट हुनु जरूरी छ । यो कुनै परिमाणको मुद्दा भने होइन ।

### शिक्षक शिक्षा सामग्री पैरवी सन्देश - १

***समावेशी शिक्षाको अवधारणालाई विशिष्टशिक्षक शिक्षा सामग्रीहरूको माध्यमबाट वा सम्पूर्ण शिक्षक शिक्षा सामग्रीहरूमा त्यसलाई एकीकृत गरेर सम्बोधन गरिनु पर्दछ ।***

समावेशी शिक्षासम्बन्धी धेरैभन्दा धेरै सामग्रीहरूलाई विद्यार्थी शिक्षकहरू र शिक्षक प्रशिक्षकहरूको पहुँचमा पुऱ्याउनु पर्दछ । यो कुरा समावेशी शिक्षामा मात्र केन्द्रित सामग्रीहरू प्रयोग गरेर वा अन्य मुख्य विषय केन्द्रित शिक्षक शिक्षा सामग्रीहरूमा समावेशी शिक्षाका सन्देशयुक्त सामग्री समाहित गरेर सम्भव हुनसक्छ । जस्तै गणित, विज्ञान, इतिहास आदि विषयका शिक्षक शिक्षा सामग्रीहरूमा समावेशी शिक्षाका मुद्दाको उठान गरेर सम्बद्ध गर्न सकिन्छ ।

यस्ता सामग्रीहरूले समावेशी शिक्षाको विस्तृत व्याख्या र विश्लेषण गरेको हुनुपर्दछ, यसका लागि विद्यार्थी शिक्षकहरूलाई सम्पूर्ण विद्यालय परिवर्तनको महत्व बुझ्न मद्दत गर्ने र व्यक्तिगत आवश्यकतालाई सम्बोधन हुने गरी शिक्षण गर्न सक्ने सीप र आत्मबल विकास गर्न सहयोग गरिनुपर्छ । शिक्षक शिक्षा सामग्रीहरूले विद्यार्थी शिक्षकहरूलाई समावेशी शिक्षाका बारेमा शिक्षित गराउँदै छन् कि कुनै निश्चित समूह जस्तै अपाङ्गता भएका बालबालिकालाई मात्र जोड दिएका छन् भन्ने कुरा स्पष्ट र यथार्थ रूपमा इंगित गर्नुपर्दछ ।

**शिक्षक शिक्षा सामग्री पैरवी सन्देश - २**

***शिक्षक शिक्षा सामग्रीहरू राष्ट्रिय/क्षेत्रीय रूपमा विकास गरिनुपर्दछ र यिनीहरूमा समावेशी शिक्षासँग सम्बन्धित सान्दर्भिक र अद्यावधिक सूचनाहरू र उदाहरणहरू समावेश गरिनुपर्दछ। आयात गरिएका स्रोत सामग्रीहरू अलि प्रवर्तनात्मक र समालोचनात्मक तरिकाले प्रयोग गरिनुपर्दछ।***

शिक्षक प्रशिक्षकहरू र विद्यार्थी शिक्षकहरूको सहज पहुँच उनीहरूको परिवेशमा सान्दर्भिक हुने समावेशी शिक्षा सामग्रीहरूसँग हुनुपर्दछ। धेरैजसो सामग्रीहरू राष्ट्रिय स्तरमा र क्षेत्रीय स्तरमा निर्माण गरिनुपर्दछ। यस्ता सामग्रीहरूमा स्थानीय घटनाहरूको अध्ययन र उदाहरणहरू समेटिनुपर्दछ जसलाई शिक्षक प्रशिक्षकहरू वा विद्यार्थी शिक्षकहरूले आफ्नो परिस्थितिसँग सम्बद्ध गर्न सक्दछन्। यसको अलावा, बढीभन्दा बढी शिक्षक शिक्षा सामग्रीहरू स्थानीय वा राष्ट्रिय भाषाहरूमा हुनुपर्दछ। आयातित सामग्रीहरूको सिधा अनुवाद मात्र नभएर स्थानीय भाषाहरूमा लेखिएका सामग्रीहरू पनि प्रयोगमा ल्याउने गरी समावेश गरिनुपर्दछ।

अन्य देशहरूबाट आयातित शिक्षक शिक्षा सामग्रीहरूको छनोट तिनले प्रदान गर्ने अतिरिक्त अन्तर्दृष्टि, नवीनतम विकासहरू, विश्वव्यापी दृष्टिकोण र तिनीहरूको तुलना गर्ने क्षमताका आधारमा गरिनुपर्दछ। तर उक्त सामग्रीहरू विद्यार्थी शिक्षकहरूले अध्ययन गर्नुपर्ने धेरै सामग्रीका रूपमा चयन गरिनु हुँदैन। यसरी बाहिरबाट ल्याइएका सामग्रीहरूलाई कसरी विश्लेषण र अनुकूलन गर्ने भन्ने बारेमा शिक्षक प्रशिक्षकहरू र उनीहरूका विद्यार्थीहरूलाई राम्रोसँग सल्लाह र निर्देशन दिइनुपर्दछ। शिक्षक प्रशिक्षकहरूलाई शिक्षक शिक्षा सामग्री प्रयोग गर्ने समालोचनात्मक, चयनात्मक र सिर्जनात्मक क्षमता, आत्मविश्वास र सीप विकासका लागि सहयोगको आवश्यकता पर्दछ। उदाहरणका लागि विदेशी प्रकाशनका पुस्तकहरू प्रयोग गर्दा त्यहाँ भएका विषयवस्तु र विचारहरूलाई कहिले र कसरी आफ्नो परिवेश अनुकूल हुने गरी प्रयोग गर्ने भन्ने कुरामा विद्यार्थी शिक्षकहरूलाई दक्ष बनाउनुपर्दछ र विदेशी उदाहरणलाई स्थानीय घटना अध्ययनहरूले प्रतिस्थापन गर्ने वा तिनले पूरकका रूपमा काम गर्नुपर्दछ।

यी कुराहरूले कर्मचारीको क्षमता विकासको आवश्यकता औंल्याउछन् जसले गर्दा थप पैरवी सन्देशहरूको आवश्यकता सिर्जना हुन्छ।

**शिक्षक शिक्षा सामग्री पैरवी सन्देश - ३**

***शिक्षक शिक्षा सामग्रीको चयन र/वा निर्माण गर्ने कर्मचारीहरूका लागि निरन्तर पेशागत विकास कार्यक्रम सञ्चालन गरिनुपर्दछ। उनीहरूले आफ्ना अनुभवहरू देश विदेशमा आदानप्रदान गर्नुपर्दछ। यस्ता स्रोत सामग्री निर्माताहरूको समुहले आफ्नो देशको विविधतालाई पनि प्रतिनिधित्व गर्नुपर्दछ।***

शिक्षा मन्त्रालय तथा/वा शिक्षक शिक्षा संस्थाहरूमा स्रोत सामग्रीहरू छनोट वा निर्माण गर्ने अधिकारीहरू समावेशी शिक्षाको बारेमा सुसूचित हुनुपर्दछ। समावेशी शिक्षासम्बन्धी अनुभव, ज्ञान, र सीपहरूलाई अपेक्षित रूपमा नयाँ कर्मचारी नियुक्तिका मापदण्ड बनाइनु पर्दछ। शिक्षक शिक्षा सामग्रीको विकास गर्ने विद्यमान तथा नयाँ कर्मचारीहरूका लागि निरन्तर पेसागत विकासका क्रियाकलापहरू संचालन गरिनुपर्दछ। तबमात्र उनीहरू समावेशी शिक्षासम्बन्धी बहस र अभ्याससँग अद्यावधिक रहन सक्दछन्। यस सँगसँगै सामग्री निर्माणकर्ताले एकाङ्गीमा काम नगर्ने हुनाले क्षेत्रीय र अन्तर्राष्ट्रिय रूपमा अन्य देशका पाठ्यक्रम एवं सामग्री निर्माताहरूसँग मिलेर काम गर्नुका साथै उनीहरूसँग आफ्ना अनुभवहरू र उदाहरणहरू आपसमा आदान प्रदान गर्ने अवसर प्राप्त हुनुपर्दछ।

# चुनौती-२
# व्यवहारिक सामग्रीहरू

## परिस्थितिको विश्लेषण

**व्यवहारिक अनुभवहरूको अभिलेखीकरण र विनिमय गर्नु चुनौतीपूर्ण छ**

शिक्षक शिक्षा सामग्रीहरू (शिक्षक शिक्षा पाठ्यक्रम जस्तै) प्राय: बढी सैद्धान्तिक छन् । यिनीहरूमा थोरै मात्रामा घटना अध्ययनहरू छन् र/वा विद्यार्थी शिक्षकहरूलाई सिद्धान्तलाई कसरी व्यवहारिक अभ्यासमा रूपान्तरण गर्ने भन्नेमा पर्याप्त जोड नदिइएको पाइन्छ ।

कुनै न कुनै रूपमा यो एउटा दुश्चक्र (Vicious cycle) को अंश पनि हो । संसारभरि नै कसरी समावेशी शिक्षाको प्रत्याभूति गर्ने भन्ने बारेमा घटना अध्ययनहरूको अभिलेखीकरणको अभाव छ। समावेशी शिक्षाका व्यवहारिक अनुभवको अभिलेखका लागि उपयुक्त व्यक्तिहरू जस्तै : शिक्षक, विद्यार्थी, अभिभावकहरू आदिमा सीप, आत्मबल, समय र सहयोगको अक्सर अभाव रहेको छ।[3] स्थानीय घटना अध्ययनहरू सम्पन्न गर्ने र यिनीहरूको अभिलेख निर्माण गर्ने क्रममा पूर्ण सहयोग र सहजता गरिएन भने विद्यार्थी शिक्षकहरू र शिक्षकहरूलाई सिद्धान्तलाई व्यवहारमा उतार्ने गरी बुझ्न, नयाँ विचारहरू कार्यान्वयन गर्न र आफ्ना अनुभवहरू आपसमा आदानप्रदान गर्ने सम्भावना न्यून हुन्छ। यसको फलस्वरूप शिक्षक शिक्षामा नयाँ प्रवर्तनात्मक अभ्यासको सधैं अभाव खड्किरहन्छ ।

**शिक्षक शिक्षा सामग्री निर्माणकर्ताहरूमा व्यवहारिक अनुभवको अभाव हुनसक्ने**

शिक्षक शिक्षा सामग्रीहरूमा व्यवहारिक जोडको कमीले यस्ता सामग्री निर्माणकर्ताहरूमा नै समावेशी शिक्षासम्बन्धी व्यवहारिक अनुभवको अभाव छ भन्ने देखाउँछ । यस्ता व्यक्तिहरूमा पाठ्यपुस्तक लेखकहरू, सचित्रीकरण गर्ने कलाकारहरू, फोटोग्राफरहरू एवं चलचित्र निर्माताहरू पर्दछन् । उनीहरूले समावेशी शिक्षाका सैद्धान्तिक पक्षहरू स्पष्टसँग बुझ्न र व्याख्या गर्न सक्लान् तर उनीहरूमा कसरी समावेशी शिक्षाको कार्यान्वयन गर्ने भन्ने कुराका लागि आवश्यक व्यापक व्यवहारिक अनुभवको अभाव हुनसक्दछ । यसै गरी समावेशी शिक्षाको व्यवहारिक अनुभव भएका व्यक्तिहरू (जस्तै : शिक्षक, प्रधानाध्यापक, अभिभावक, विद्यार्थी, अल्पसंख्यक समुदायका प्रतिनीधिहरू आदि) शिक्षक शिक्षा सामग्रीको योजना, निर्माण वा पुनरावलोकन गर्ने प्रक्रियामा बिरलै मात्र सहभागी हुन्छन् ।

**तपाईंले आफ्नै परिवेशमा परिस्थितिको विश्लेषण गर्न सहयोग पुऱ्याउन सोध्न सक्ने प्रश्नहरू**

- शिक्षक शिक्षामा प्रयोग हुने शिक्षण सिकाइ सामग्रीहरूको योजना, लेखन, सम्पादन र पुनरावलोकनको जिम्मेवारी कसले पाएका छन् ? उनीहरूको पहिचान र छनोट कसरी हुन्छ ? के उनीहरूले देशभित्रका विविधतालाई प्रतिनिधित्व गर्दछन् ?
- शिक्षक शिक्षा सामग्री निर्माणकर्ताहरूमा समावेशी शिक्षासम्बन्धी कति र कस्तो प्रकारको व्यवहारिक अनुभव छ ?

[3] Organizations like Enabling Education Network ( EENET) are working to support more education stakeholders to record and share their practical inclusive education experiences : www.eenet.org.uk.

- सामग्री निर्माणकर्ताहरूलाई आफ्नो देश वा देश बाहिरबाट समावेशी शिक्षाका सान्दर्भिक र व्यवहारिक अभ्यास तथा उदाहरणहरू प्राप्त गर्न र तिनलाई प्रयोग गर्ने काममा सहयोग गर्न के कस्तो किसिमको पद्धतिको व्यवस्था गरिएको छ ?
- आयातित सामग्रीहरूको पहिचान, मूल्याङ्कन र छनोट गर्ने प्रक्रिया कस्तो छ र त्यस्ता सामग्रीहरूमा सान्दर्भिक र व्यवहारिक जोड छ भन्ने कुराको प्रत्याभूति कसरी गरिन्छ ?
- के समावेशी शिक्षामा शिक्षक शिक्षाका सामग्रीहरू निर्माण गर्दा शिक्षा सरोकारवालाहरूको भूमिका रहन्छ ? यदि रहन्छ भने उनीहरूले योजना निर्माण, लेखन र मुल्याङ्कन प्रक्रियामा कसरी सहयोग पुऱ्याउँछन् ?

## पैरवी लक्ष्यहरु

**शिक्षक शिक्षा सामग्री पैरवी सन्देश - ४**

***शिक्षक शिक्षा सामग्रीहरूमा समावेशी शिक्षाका विभिन्न शैक्षिक परिवेशका वास्तविक अभ्यासहरूका उदाहरणहरूलाई समावेश गराइनुपर्दछ र त्यस्ता जानकारीबाट सुसूचित हुनुपर्दछ ।***

पैरवी निर्देशिका-३ मा उल्लेख भएजस्तै शिक्षक शिक्षा पाठ्यक्रमहरूले विद्यार्थी शिक्षकहरूलाई प्रशस्त व्यवहारिक र जीवन्त अनुभवहरू प्रदान गर्नुपर्दछ। यसो भएमा उनीहरूले समावेशी शिक्षालाई राम्रोसँग बुझ्न सक्दछन् र यसलाई वास्तविक शैक्षिक परिवेशमा प्रयोग गर्न सक्ने सीप र आत्मबलको विकास गर्न सक्दछन्। शिक्षक शिक्षाको यो व्यवहारिक पक्ष शिक्षण पेसामा प्रवेश गर्ने क्रममा रहेका विद्यार्थी शिक्षकका लागि ज्यादै महत्त्वपूर्ण हुन्छ। बहुकक्षा शिक्षण प्रक्रिया चलिरहेका विद्यालयमा उनीहरूले फरक उमेर समूहका विद्यार्थीका सिकाइ आवश्यकताहरूलाई ध्यान दिनसक्ने बनाउनका लागि पनि शिक्षक शिक्षाको व्यवहारिक पक्ष उत्तिकै महत्त्वपूर्ण छ। त्यसैले विद्यार्थी शिक्षक तयारीका लागि निर्माण हुने सामग्रीहरूमा शिक्षणको यो व्यवहारिक पक्षलाई जोड दिनुपर्दछ।

शिक्षक शिक्षाका लागि तयार पारिने शिक्षण सिकाइ सामग्रीहरूमा निम्न विशेषताहरू हुनुपर्दछ :

(क) व्यवहारिक उदाहरणहरू र घटना अध्ययनहरूको जानकारी दिने जसले गर्दा विद्यार्थी शिक्षकहरूले फरक परिवेशमा अन्य व्यक्तिहरूले कसरी त्यस्ता व्यवहारिक चुनौतीहरूको सामना गरिरहेका छन् भन्ने थाहा पाउन सक्छन् र त्यहीअनुसार आफ्नो परिवेशमा पनि यस्ता तरिकाहरूलाई अनुकूल गराई प्रयोगमा ल्याउन सक्दछन्।

(ख) विद्यार्थी शिक्षकहरूलाई उनीहरूका आफ्नै व्यवहारिक क्रियाकलापहरू गर्न सल्लाह, सहयोग र रुजुसूचीहरू प्रदान गरेर सहयोग गर्ने ।

उपर्युक्त विशेषता प्राप्त गर्नका लागि समावेशी शिक्षालाई प्रयोगमा ल्याइएका उदाहरणहरू बढीभन्दा बढी मात्रामा उपलब्ध हुनुपर्दछ। त्यहाँबाट शिक्षक शिक्षा सामग्री निर्माणकर्ताहरूले आवश्यक उपयुक्त विषयवस्तुलाई आफ्ना सामग्रीहरूमा अर्थपूर्ण रूपमा प्रयोग गर्न सक्छन्। यसले अन्ततः शिक्षाका सरोकारवालाहरूलाई उनीहरूका व्यवहारिक अनुभवहरूलाई लिपिबद्ध गर्न र तिनको आदानप्रदान गर्न बढीभन्दा बढी सहयोगको अपेक्षा गर्दछ। सरोकारवालाहरूका अनुभवहरूलाई अभिलेखीकरण गरिएका समावेशी शिक्षाका थुप्रै योजनाहरू भेटिन्छन् तर पनि नगरिएकाहरू पनि धेरै छन् । समावेशी शिक्षाका अनुभवहरूको अभिलेख राख्नका लागि विद्यालय र शिक्षा परियोजनाको सहकार्यको आवश्यकता पर्दछ ताकि यी लिपिबद्ध अनुभवहरूलाई शिक्षक शिक्षाका नयाँ अभियानमा प्रत्यक्ष र योजनाबद्ध रूपमा समाहित गर्न सकियोस् । यसमा लिपिबद्ध घटना अध्ययनको सँगसँगै श्रव्य सामग्री, फोटोग्राफी र दृश्य सामग्रीहरू पनि महत्त्वपूर्ण सावित भएका छन् जसको बढ्दो प्रयोग अभिलेखीकरण र अनुभव आदानप्रदान गर्न गरिएको छ ।

**शिक्षक शिक्षा सामग्री पैरवी सन्देश - ५**

***सरोकारवालाहरूले शिक्षक शिक्षा सामग्रीहरूमा समावेशी शिक्षासँग सम्बन्धित विषयवस्तु एकिकृत गर्न र तिनको पुनरावलोकन गर्न सशक्त भूमिका खेल्नुपर्दछ ।***

शिक्षक शिक्षा सामग्रीहरूको निर्माण प्रकृयामा सरोकारवालाहरूको पनि प्रत्यक्ष संलग्नता हुनुपर्दछ । हामीले पैरवी निर्देशिका- ३ मा उल्लेख गरेजस्तै उनीहरू पाठ्यक्रम विकास प्रक्रियामा नै संलग्न हुनुपर्दछ । शिक्षक, विद्यार्थी, अभिभावक, सीमान्तकृत समूहका प्रतिनिधि आदिसँग शिक्षक शिक्षा सामग्रीहरूको योजना बनाउँदा, लेख्दा र तिनको खाका तयार गर्ने प्रक्रियामा परामर्श लिनुपर्दछ । सेवाकालीन शिक्षकहरूले पनि यस्ता सामग्रीहरूको व्यवहारिक प्रयोगसम्बन्धी आफ्ना विचारहरू प्रस्तुत गर्न सक्छन् । साथसाथै अन्य सरोकारवालाहरूले शिक्षकले जान्नुपर्ने र गर्नुपर्ने कामका बारेमा आफ्नो धारणा व्यक्त गर्न सक्दछन् । साथै उनीहरूले शिक्षकले गर्न हुने वा गर्न नहुने कुरामा निर्देशन दिन आफ्ना अनुभवमा आधारित सकारात्मक वा नकारात्मक उदाहरणहरू प्रस्तुत गर्न सक्दछन् ।

## जाम्बियाको उदाहरण

**शिक्षकले नै अन्य शिक्षकहरूलाई सिकाउन प्रयोग हुने सामग्रीहरूको निर्माण गर्दछन् ।**

यो उदाहरणले शिक्षाका सरोकारवालाहरूलाई समावेशी शिक्षाको विकासमा प्राप्त आफ्ना व्यवहारिक अनुभवहरूको समीक्षा गर्न, सङ्ग्रह गर्न र प्रकाशन गर्न सक्षम गराउने हेतुले सुरु गरिएको एउटा संयुक्त प्रयासलाई स्पष्ट रूपमा चित्रण गर्दछ । जाम्बियाको मापिका जिल्लाका विद्यालयहरूको एक समूह इनेवलिङ एजुकेसन नेटवर्क (EENET) ले सुरु गरेको कार्यमूलक अनुसन्धान (आयोजना) कार्यमा संलग्न थिए । यो आयोजनाले सेवाकालीन शिक्षकहरूलाई प्रतिविम्बन गर्ने अभ्यासकर्ताका रूपमा (Reflective Practitioners) काम गर्न तथा उनीहरूले आफ्ना अभ्यासहरूलाई बुझ्ने र प्रभावकारी रूपमा तिनको सङ्ग्रह गर्ने क्षमताको विकास गर्ने उद्देश्य राखेको थियो । यसमा संलग्न शिक्षकहरूले पहिला नै आफ्ना विद्यालयलाई बढी समावेशी बनाउने र शिक्षण सिकाइको गुणस्तर वृद्धि गराउने अग्रणी प्रयास गरिरहेका थिए तर उनीहरूका अनुभवहरूलाई बाहिर ल्याउन नसकिएको कारण उनीहरूबाट अन्य शिक्षकहरू वा विद्यार्थी शिक्षकहरूले फाइदा उठाउन सकेका थिएनन् ।

स्थानीय र वाह्य व्यक्तिहरूद्वारा सहजीकरण गरेर कार्यमूलक अनुसन्धानका विभिन्न क्रियाकलापहरू (जस्तै : कार्यशाला, अन्तर्वार्ता, लक्षित समूह छलफल इत्यादि) संचालन गरियो । त्यसपछि शिक्षकहरूले समावेशिता र वहिष्करणका चुनौतीहरूसँग जुध्न अपनाइएका क्रियाकलापहरूको विस्तृत विवरणका आधारमा घटना अध्ययनहरू तयार गर्न सुरूवात गरे । उनीहरूका स्थानीय कार्यमूलक अनुसन्धान सहयोगीले हातले लेखिएका घटना अध्ययन प्रतिवेदनको बृहत् संग्रह EENET मा प्रकाशनका लागि पठाएका थिए । सुरूमा धेरैजसो प्रतिवेदनहरू प्रकाशन गर्न योग्य भएनन् । तर सहजकर्तामार्फत शिक्षकहरूसँग निरन्तर गरिएको अन्तर्क्रियापछि उक्त सामग्रीहरूमा भएका अस्पष्ट सुचनाहरूलाई सच्याइयो र अन्य नपुग कुराहरू थपियो ।

उक्त घटना अध्ययन प्रतिवेदनहरू हाम्रा अनुभवहरूको खोजी[4] नामक पुस्तकमा प्रकाशित गरिए । सहभागी शिक्षकहरूले नवागन्तुक शिक्षकहरूलाई यो अनुसधानात्मक पुस्तक पढ्न भने । यसबाट उनीहरूले आफ्नो विद्यालय समुदायका अनुभवहरूलाई बाँडचुँड गर्न सकिने भयो ।

[4] EENET. 2003. Researchin our Experiences : A collection of writings by teachers from Chitulika School, Kabale Basic School , Mpika Basic school, Musakanya basic School, and Nyanji Middle Basic School in Mpika, Zambia, Manchester. EENET http:// www.eenet.org.uk./resources/docs/rsrching_experience.pdf. (Accessed 17 April 2013.)

## चुनौती-३
# सामग्रीहरूको निर्माण र प्रयोगमा लचकता

## परिस्थितिको विश्लेषण

माथिका कुराबाट स्पष्ट भयो कि विद्यार्थी शिक्षकहरूलाई समावेशी शिक्षाका बारेमा सुसूचित गराउन तयार पारिएका सामग्रीहरू अद्यावधिक नहुनुका साथै व्यवहारिक र वास्तविक जीवनसँग जोडिएका पनि छैनन् । यस्ता सामग्रीले विद्यार्थी शिक्षकहरूलाई आफ्नो शैक्षिक वातावरणमा आफूले भेट्ने विद्यार्थीका विविधताहरूलाई बुझ्न, तिनलाई स्वागत गर्न र तिनको सम्बोधन गर्न सहयोग गर्दैनन् । यस्ता सामग्रीहरू सायद सुरूमा अन्य देशहरूमा प्रयोग गर्नका लागि तयार गरिएका हुन सक्दछन् ।

यस्तै शिक्षा प्रणालीका सबै तहहरूमा रहेका शिक्षण सिकाइ सामग्रीहरूको अवस्था देखाउने अर्को समस्या भनेको त्यस्ता सामग्रीहरू जस्ताको तस्तै कक्षाकोठामा प्रयोग गर्नुपर्ने,अर्थात् लचकता नहुनु पनि हो । यस्ता शिक्षक शिक्षा सामग्रीहरूले बालबालिकालाई पढाउने पाठ्यपुस्तकसहित अक्सर निश्चित सन्देशहरू बोकेका र केही तोकिएका क्रियाकलापहरू मात्र प्रस्तुत गरेका हुन्छन् । शिक्षक प्रशिक्षकलाई आधिकारिक रूपमा प्रस्तुत गरिएका यस्ता सामग्रीका विषयभन्दा फरक तरिकाले अगाडि बढ्न वा तिनीहरूलाई अनुकूल रूपमा प्रयोग गर्न कठिन हुनसक्छ । धेरैजसो देशमा हुने कठोर परीक्षा प्रणालीले गर्दा पनि शिक्षक प्रशिक्षकहरूलाई पाठ्यक्रममा तोकिएभन्दा फरक सामग्रीहरू प्रयोग गर्न पाउने लचकता ज्यादै न्यून हुन्छ ।

लचकताको अभावले शिक्षक प्रशिक्षकहरूलाई नयाँ सामग्रीहरू प्रयोग गर्न वा भइरहेका सामग्रीहरूलाई पनि स्थानीय परिस्थितिअनुकूल आफ्ना विद्यार्थीका आवश्यकताको सम्बोधन गर्ने गरी प्रयोग गर्न कठिन हुन सक्दछ । यस्ता सामग्रीहरूले गर्दा शिक्षकहरूलाई सहभागितामूलक, सक्रिय, विद्यार्थी केन्द्रित शिक्षण सिकाइ विधिहरू प्रयोग गर्न गाह्रो पर्न सक्छ । खास गरी शिक्षकहरूमा लचकताका साथ अनुकूल ढङ्गले जिम्मेवारीपूर्ण शिक्षण गर्ने सीप र अनुभवको कमी भएमा यस्ता सामग्रीको प्रयोग कठिन हुन सक्छ ।

धेरैजसो शिक्षक शिक्षा प्रणालीहरूमा आधारभूत रूपमा विरोधाभाषपूर्ण अवस्थाहरू देखिन्छन् । विद्यार्थी शिक्षकबाट समावेशी शिक्षाको ज्ञानको अपेक्षा गरिन्छ तर उनीहरूका लागि पूर्वसेवाकालीन शिक्षक शिक्षामा प्रयोग गरिने सामग्रीहरूमा (पाठ्यक्रम र शिक्षण विधिसमेत) मा प्रायजसो समावेशिताका विषयवस्तु राखिएको छैन ।

तपाइँले आफ्नै परिवेशको विश्लेषण गर्न आफैलाई सोध्न सकिने प्रश्नहरू:

- के शिक्षक शिक्षामा प्रयोग हुनका लागि समावेशी शिक्षाका सामग्रीहरू शिक्षक प्रशिक्षकहरूको प्रयोग एवम् अनुकूलनका लागि कति सजिला छन् भनी पुनरावलोकन गरिएको छ ?
- के शिक्षक प्रशिक्षकलाई कुन सामग्री प्रयोग गर्ने, कहिले र कसरी गर्ने (पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरू हासिल हुने गरी) भन्ने कुराको निर्णय लिने स्वतन्त्रता दिइएको छ अथवा उनीहरूले प्रयोग गर्ने सामग्रीहरूमा कुनै सीमाङ्कन गरिएको छ ?
- के शिक्षक प्रशिक्षकमा शिक्षक शिक्षा सामग्रीका विषयवस्तुको अनुकूलन एवम् प्रयोग गर्नका लागि प्रभावकारी निर्णय गर्ने सीप र अनुभव छ ?

# पैरवी लक्ष्यहरू

### शिक्षक शिक्षा सामग्री पैरवी सन्देश - ६

***शिक्षक प्रशिक्षकहरूलाई शिक्षक शिक्षा सामग्रीहरूको छनोट गर्ने, परिस्थितिअनुरूप बनाउने र तिनलाई लचिलो रूपमा प्रयोग गर्ने कुरामा स्वतन्त्रता र सीप दिनुपर्दछ ।***

पैरवी निर्देशिका-१ मा उल्लेख भएजस्तै समावेशी शिक्षा आफैमा परिवर्तन, समस्या समाधान र परीक्षणको प्रक्रिया हो । शिक्षकलाई समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न सक्ने बनाउनका लागि शिक्षण सिकाइका लागि लचिलो दृष्टिकोण अपनाउने पाठ्यक्रमको आवश्यकता पर्दछ (पैरवी निर्देशिका-३ हेर्नुहोस्) । त्यसपछि यस्तो पाठ्यक्रमलाई सहयोग गर्न स्थानीय परिवेश र विद्यार्थीहरूका विशिष्ट सिकाइ आवश्यकतासँग अनुकूल बनाउन सकिने शैक्षिक सामग्रीहरूको प्रयोग गर्न सकिन्छ ।

सबै समावेशी शिक्षासम्बन्धी शिक्षक शिक्षा सामग्रीहरू आफैमा पूर्ण हुन सक्दैनन् । त्यसै गरी सबै सरकारहरू वा शिक्षक शिक्षा संस्थाहरूसँग पनि विद्यमान शिक्षक शिक्षा सामग्रीहरूको तिव्र र व्यापक मात्रामा पुनरावलोकन गर्ने स्रोतहरू उपलब्ध नहुन सक्छन् । यस्तो पुनरावलोकन वा परिमार्जनको उद्देश्य ती सामग्रीले ठिक रूपमा समावेशी शिक्षाको सम्बोधन गर्न सकून् भन्ने हो । त्यसकारण शिक्षक प्रशिक्षकहरूमा नयाँ सामग्रीहरू पत्ता लगाउने र प्रयोग गर्ने आफैले निर्माण गर्ने वा भइरहेका सामग्रीहरूलाई परिस्थितिअनुकूल बनाई प्रयोग गर्ने सीपहरू र स्वतन्त्रताको आवश्यकता पर्दछ । उनीहरूलाई आफूभन्दा अनुभवी सल्लाहकारहरू वा/तथा साथीहरूबाट पारस्परिक सहयोगको आवश्यकता पर्दछ । यस्तो प्रक्रियाबाट उनीहरूले आफ्ना प्राप्तिका अनुभवहरू बाँडचुँड गर्न सक्छन् र शिक्षक शिक्षा सामग्रीहरू खोज्ने, निर्माण गर्ने र तिनको प्रयोग गर्ने काम गर्न सक्दछन् । (यो कुरा अझ विस्तृत रूपमा पैरवी निर्देशिका-५, मा उल्लेख गरिएको छ) ।

प्रायः शिक्षक प्रशिक्षकहरूलाई यस्तो स्वतन्त्रता दिन र उनीहरूलाई दक्ष वा सीपयुक्त बनाउने कुरामा सहयोग गर्न नीतिहरूमा पनि महत्त्वपूर्ण परिवर्तनहरू गर्नुपर्ने हुन सक्छ । जस्तै केन्द्रीय रूपमा तयार गरी निर्देश गरिएका निश्चित शिक्षक शिक्षा पाठ्यक्रम र सामग्रीहरू नअपनाउनु यसको ठूलो नीतिगत चुनौती हुनसक्छ ।

### शिक्षक शिक्षा सामग्री पैरवी सन्देश - ७

***शिक्षक शिक्षा सामग्रीहरूले समावेशी अभ्यासको प्रतिविम्बन गर्नुपर्दछ । यसका लागि शिक्षक प्रशिक्षकहरूलाई विद्यार्थी शिक्षकहरूसँगै काम गर्दा समावेशी अभ्यासको नमुना प्रस्तुत गर्न सक्षम बनाउनु पर्दछ ।***

शिक्षक शिक्षामा प्रयोग हुने शिक्षण सिकाइ सामग्रीहरूको निर्माण कार्य निम्न कुराहरूमा सहयोगी हुनुपर्दछ :

(क) विद्यार्थी शिक्षकमा (साथै शिक्षक प्रशिक्षकमा पनि ) स्वतन्त्र र विवेचनात्मक सोचको सक्रिय प्रवर्धन गर्न,

(ख) शिक्षक प्रशिक्षकलाई चयनात्मक हुन र क्रियाकलाप, घटना अध्ययन आदिको अनुकूलन वा विस्थापन गर्ने अवसरहरू प्रदान गर्न,

(ग) शिक्षक प्रशिक्षकलाई सह-सिकाइ, स्व-अध्ययन, सहकार्य समूह आयोजनाहरू आदि जस्ता विधिहरू सञ्चालन गर्न सक्षम बनाउन, र

(घ) शिक्षक प्रशिक्षकहरूलाई विविध सिकाइ आवश्यकताहरू पुरा गर्नको लागि नवीनतम दृष्टिकोणहरू

प्रयोग गर्न सल्लाह दिन र सहयोग उपलब्ध गराउन ।

यसलाई अकाट्य रूपमा कामसँग सम्बद्ध गर्नुपर्दछ ताकि शिक्षक प्रशिक्षकहरूलाई आधुनिक शिक्षा र सहयोग उपलब्ध गराउन सकियोस् । साथै यो काम उनीहरूले प्रयोगमा ल्याइरहेका विधिहरूको परिमार्जन गर्ने आवश्यकतासँगै जानुपर्दछ (पैरवी निर्देशिका - ५ हेर्नुहोस्) ।

**शिक्षक शिक्षा सामग्री पैरवी सन्देश - ८**

***शिक्षक शिक्षा सामग्रीहरूको योजना, लेखन, निर्माण एवम् पुनरावलोकन त्यस्ता व्यक्तिले गर्नुपर्दछ जोसँग सक्रिय सिकाइ विधिहरूको प्रत्यक्ष प्रयोग गरेको र सम्बन्धित सामग्रीहरूलाई अनुकूलन गरेको प्रत्यक्ष अनुभव पनि छ ।***

शिक्षक शिक्षा सामग्रीहरूको छनोट र निर्माण गर्ने व्यक्तिहरूले सक्रिय, विद्यार्थी-केन्द्रित र सहभागितामूलक शिक्षण सिकाइ तरिकाहरूको बारेमा राम्रोसँग बुझेको हुनुपर्दछ । उनीहरूमा उपलब्ध सामग्रीहरूको गुणस्तर र विषयवस्तुले कसरी त्यस्ता तरिकाहरूको प्रयोगमा सहजता वा अवरोध सिर्जना गर्दछन् भन्ने कुराको ज्ञान हुनुपर्दछ । उनीहरूमा लचक र अनुकूल तरिकाले शिक्षण गर्नसक्ने सीप र अनुभव भएको हुनुपर्दछ । तबमात्र सामग्री निर्माणकर्ताहरूले शिक्षक प्रशिक्षकहरूलाई शिक्षक शिक्षा सामग्रीमार्फत व्यवहारिक सल्लाह र सुझाव दिन सक्दछन् ।

# चुनौती-४
# बहिष्करण गराउने सामग्रीहरूको निषेध

## परिस्थितिको विश्लेषण

*पैरवी निर्देशिका-३* मा भनिएजस्तै शिक्षक शिक्षा पाठ्यक्रमहरू (र उक्त पाठ्यक्रम कार्यान्वयन गर्न प्रयोग गरिने सामग्रीहरू) ले  शिक्षक शिक्षा र शिक्षकहरूमा भएका रुढिग्रस्त मान्यताहरू र विभेदहरूलाई चुनौती दिन असफल हुन सक्छन् । शिक्षक शिक्षा सामग्रीहरूमा सम्प्रेषण गरिएका सन्देशहरू, भाषा र संरचनाहरूले समाजमा व्याप्त रहेका त्यस्ता खालका रुढिग्रस्त मान्यताहरू र विभेदहरूलाई निरन्तरता दिन मद्दत गर्न सक्दछन् । यसको कारण केही निश्चित विद्यार्थी शिक्षकहरू सिकाइ प्रक्रियामा सामेल हुने अवसरबाट बञ्चित हुन पुग्दछन् किनकि ती सामग्रीमा रहेका सन्देशहरू वा भाषा र संरचनाले बहिष्करणलाई सघाएका हुन सक्दछन् ।

## शिक्षक शिक्षा सामग्रीहरूमा जातीय र भाषिक विविधताहरूको न्यून मान्यता

एसिया प्रशान्त क्षेत्रमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा (MTB-MLE) लाई जोड दिँदै विद्यालयहरूलाई पनि उत्तिकै सहयोग उपलब्ध गराइँदै आइएको छ । (यसमा थप जानकारीका लागि दोस्रो पेजको बाकसमा दिइएको मातृभाषा सम्बन्धी अंश हेर्नुहोस्) । तर पनि शिक्षक शिक्षा पाठ्यक्रम र सामग्रीहरूमा भाषिक विविधताको महत्त्वलाई स्वीकार गर्न नसकिएको र विद्यार्थी शिक्षकहरूलाई पनि विद्यार्थीहरूकै भाषा प्रयोग गरेर शिक्षण गर्ने विधिहरूको बारेमा शिक्षित गराउन नसकिएको हुन सक्दछ । पूर्वसेवाकालीन शिक्षक शिक्षा सामग्रीहरूमा पनि भाषा र संस्कृतिसम्बन्धी सामान्य जोडको अभाव देखिन्छ । यसले विद्यार्थी शिक्षकहरूलाई कक्षाकोठामा स्थानीय र राष्ट्रिय भाषाहरू प्रयोग गर्ने सीपहरूको विकास गर्ने अवसरबाट बञ्चित गराउँदछ ।

अल्पसङ्ख्यक भाषाहरूमा उपलब्ध शिक्षक शिक्षा सामग्रीहरूको सङ्ख्या ज्यादै न्यून छ । युनेस्को बैङ्ककले शिक्षक शिक्षाको बारेमा गरेको पुनरावलोकनले कुनै अर्को देशमा "... अल्पसङ्ख्यक समूहका भाषाहरूमा पाठ्यपुस्तकहरू नभएको देखियो" भन्ने कुरा जनाएको छ ।  त्यसै गरी कुनै अर्को देशमा यस्ता भाषाहरूमा तयार गरिएका सामग्रीहरू (वहुसङ्ख्यक भाषाहरूको तुलनामा) धेरैजसो शिक्षक तालिम कलेजहरू (TTCs) मा उपलब्ध र प्रयोग भएको पाइयो[5] जहाँ अल्पसंख्यक भाषाहरूमा लेखिएका सामग्रीहरू उपलब्ध छन् ती पनि विद्यमान सामग्रीहरूका दुरुस्त अनुवादहरू मात्र हुन् । यस्ता अनुदित सामग्रीहरू स्थानीय परिवेशसँग अनुकूल हुने गरी वा स्थानीय भाषामा प्रयोग हुने गरी विशेष महत्त्वका साथ तयार गरिएका पुस्तकका प्रत्यक्ष अनुवाद भने होइनन् ।

अल्पसङ्ख्यक भाषा समूहरूबाट आएका विद्यार्थी शिक्षकहरूलाई आफ्नो भाषामा सामग्रीहरूको कमी भएका कारणले गर्दा सिकाइ प्रक्रियाबाट आफूहरू बहिस्कृत भएको अनुभव हुन सक्दछ । शिक्षक शिक्षा पाठ्यक्रम

[5] Forgas, 2012, p. 36.

र सामग्रीमा उनीहरूका भाषा र जातीयतालाई पहिचान नगरिएका कारणले पनि उनीहरूमा यस्तो अनुभव सिर्जना हुन सक्दछ । शिक्षक शिक्षा सामग्रीहरूले अल्पसङ्ख्यक जाति वा समूहका व्यक्तिहरूलाई समेट्न नसकेका वा नकारात्मक सामाजिक रुढिवादितालाई निरन्तरता दिएका हुन सक्दछन् । यस्तै गरी शिक्षक शिक्षा सामग्रीहरूले ग्रामीण र सहरी क्षेत्रमा बसोबास गर्ने मानिसहरूको प्रतिनिधित्व गर्न सकेका हुदैनन् ।

## मातृभाषामा आधारित बहुभाषी शिक्षा

मातृभाषामा आधारित बहुभाषी शिक्षा (MTB - MLE) एउटा निश्चित संरचनामा आधारित भाषा सिकाइ र बौद्धिक विकासको कार्यक्रम हो जुन सिकारुको पहिलो वा घरको भाषामा आधारित हुन्छ । यसले सिकाइको सुरुवात बालबालिकाको मातृभाषामा गराउँदछ । उनीहरूको औपचारिक रूपमा विद्यालयहरूमा प्रयोग हुने भाषा र अतिरिक्त भाषामा पनि सजिलै र निर्धक्क बोल्न सक्ने क्षमताको विकास गर्न सहयोग गर्दछ । यसबाट उनीहरूलाई गुणस्तरीय शिक्षा प्राप्तिका लागि आफ्नो भाषा र औपचारिक रूपमा विद्यालयमा प्रयोगमा आउने भाषा प्रयोग गर्न हौसला मिल्दछ ।

सान्दर्भिक र प्रभावकारी मातृभाषामा आधारित बहुभाषी शिक्षा बालबालिकाको परिचित वातावरणमा आधारित हुनाले यसले सिलसिलाबद्ध रूपमा उनीहरूलाई बाहिरी संसारसँग परिचित गराई त्योसँग जोड्ने पुलको काम गर्दछ । सिद्धान्ततः यसले बालबालिकाको भाषा र संस्कृतिसँग परिचित एवम् पाठ्यक्रम निर्माण र कार्यान्वयनमा विद्यार्थी केन्द्रित विधिहरू लचक तरिकाले प्रयोग गर्न सक्ने शिक्षकहरूको अपेक्षा गर्दछ । जब शिक्षकहरू तालिम प्राप्त हुन्छन् र विद्यार्थीका मातृभाषा र कार्यालय भाषामा तयार गरिएका गुणस्तरीय सामग्रीहरूको पहुँचमा रहन्छन्, तबमात्र भाषा शिक्षाको प्रक्रिया र गति अलि द्रुत हुन सक्दछ । तथापि एसिया प्रशान्त क्षेत्रको अनुभवले के देखाउँछ भने जहाँ शिक्षकमा पेसागत तालिमको अभाव छ, सीमित शिक्षण सिकाइ सामग्रीहरू उपलब्ध छन् र विद्यार्थीहरूलाई विद्यालय बाहिरको भाषामा न्यून ज्ञान (Exposure) छ, त्यहाँ विस्तारै अगाडि बढ्नु उचित हुन्छ । यसले गर्दा विद्यार्थी र शिक्षक दुवैलाई आफ्नो प्रक्रिया र गतिका बारेमा अप्रत्याशित रूपमा छक्क पर्नुपर्ने स्थिति आउँदैन ।

## शिक्षक शिक्षा सामग्रीहरू अप्राप्य वा/तथा अपाङ्गताप्रति नकारात्मक मान्यताहरूलाई बढावा दिने खालका हुन सक्दछन्

शिक्षक शिक्षा कार्यक्रममा समावेशी शिक्षा तथा अपाङ्गता भएका बालबालिकाका लागि उपयोगी हुने सन्देश वा पाठ्यांशहरू समावेश गरिएको भए तापनि उक्त कार्यक्रमहरूमा प्रयोग हुने सामग्रीहरू प्रयोग गर्न सहज खालका नभएमा वा सजिलै उपलब्ध हुन नसकेमा यसबाट अपाङ्गता भएका विद्यार्थी शिक्षकहरू बञ्चित हुन सक्दछन् । उदाहरणका लागि युनेस्को बैङ्ककले एसिया प्रशान्त क्षेत्रका केही देशहरूका शिक्षक शिक्षाका बारेमा गरेको पुनरावलोकनले शिक्षक शिक्षा सामग्रीहरू वैकल्पिक रूपमा जस्तै : ब्रेल लिपिमा अभाव रहेको जनाएको छ ।[6] यो संसारभरिको साझा समस्या हो । केन्याका विद्यार्थी शिक्षकले व्यक्त गरेको निम्न भनाईले यसलाई स्पष्ट पर्दछ :

“दृष्टिबिहीन विद्यार्थी शिक्षक भएकाले म ब्रेल (Braille) प्रयोग गर्दछु । तर हाम्रो ठाउँमा ब्रेलमा लेखिएका सामग्रीको अभाव छ साथै कहिलेकाहीँ ब्रेल लेख्ने कागजको पनि चरम अभाव हुन्छ । गणितीय उपकरणहरूको

6 Forgas, 2012, p. 37.

अभावले गर्दा दृष्टिबिहीनविद्यार्थीहरूको यो विषयमा परीक्षा लिन पनि असम्भव हुन्छ । विशेष शिक्षामा दक्ष शिक्षकहरू पाइँदैनन् । एक जनाले मात्र ब्रेल जान्नु भएको छ, त्यसैले अन्य भाषाबाट ब्रेलमा सार्न र परीक्षाको अङ्कन गर्नु चुनौतीपूर्ण हुन्छ ।[7]"

यो पुनरावलोकनले अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षक शिक्षा सामग्रीहरूमा विशेष महत्त्व नदिएको देखाएको छ । एउटा देशमा पाठ्यपुस्तकमा महत्त्वका साथ उल्लेख गरिएका व्यक्तिहरूमध्ये जम्मा ०.३५ प्रतिशत मात्र अपाङ्गता भएका व्यक्तिहरू थिए । त्यसै गरी ती पाठ्यपुस्तकमा उल्लेख गरिएका अपाङ्गता भएका व्यक्तिहरूको पनि नकारात्मक रूपमा चारित्रीकरण गरिएको थियो ।[8]

पहुँच योग्य शिक्षक शिक्षा सामग्रीहरूको अभाव एवम् यिनमा अपाङ्गता भएका व्यक्तिहरूलाई नकारात्मक रूपमा चित्रण गर्नुले अपाङ्गता भएका व्यक्तिहरूप्रति समाजमा रहिरहेको रुढिग्रस्त सोचलाई झन निरन्तरता दिन सहयोग गर्दछ । यस्ता व्यक्तिहरूलाई समाजका अन्य व्यक्तिसरह सकारात्मक रूपमा ग्रहण नगरिने साथै उनीहरूलाई शिक्षकको भूमिकामा अपेक्षा नगरिने अवस्था रहि आएको छ ।

### *शिक्षक शिक्षा सामग्रीहरूले नकारात्मक लैङ्गिक धारणाहरूलाई बढावा दिन सक्दछन्*

पैरवी निर्देशिका - ३ मा उल्लेख भएअनुसार प्रायजसो शिक्षक शिक्षा पाठ्यक्रमहरूले लैङ्गिक विभेदलाई निरन्तरता दिन्छन् । यही कुरा शिक्षक शिक्षा सामग्रीहरूमा पनि प्रतिविम्बित हुन्छ । यस्ता सामग्रीले लैङ्गिक मुद्दाहरूलाई बृहत् रूपमा सम्बोधन गर्न सक्दैनन्, पुरुष र महिलाहरूलाई परम्परादेखि चलिआएका रुढिग्रस्त भूमिकाहरूमा देखाउँछन् र धेरैजसो यस्ता सामग्रीहरू पुरुषले लेखेका छन् ।

युनेस्को बैङ्ककले गरेको पुनरावलोकनमा भनिएको छ, "कुनै एउटा देशमा थोरै सङ्ख्यामा मात्र शिक्षक शिक्षा सामग्रीहरूले लैङ्गिक समानतालाई बढावा गर्दछन् र केही उदाहरणहरूले पुरुष र महिलाबीचको असन्तुलन देखाउँछन् । लैङ्गिक मूलधार देखाउने (Gender Mainstreaming) शिक्षक शिक्षा सामग्रीहरू छैनन् ।"[9]

शिक्षक शिक्षा सामग्रीमा लैङ्गिक समानताको अभाव र लैङ्गिक रुढिवादिताको निरन्तरताले विद्यार्थी शिक्षकहरूलाई लैङ्गिक रूपमा जवाफदेही शिक्षक बन्न प्रोत्साहित गर्दैनन् । यस्ता सामग्रीले महिलालाई आफू एक्लिएको वा शिक्षक शिक्षा अध्ययनक्रमलाई निरन्तरता दिन निरुत्साहित गर्न सक्दछन् ।

तपाईंले आफ्नो परिवेशमा स्थिति विश्लेषण गर्दा सोध्न सकिने प्रश्नहरू:

- तपाईंको देशमा अल्पसङ्ख्यक भाषाहरूमा कति वा कुन कुन शिक्षक शिक्षा सामग्रीहरू उपलब्ध छन् ? छन् भने के तिनीहरू विद्यार्थी शिक्षकहरूलाई आवश्यक पर्दा सजिलै उपलब्ध हुन सक्दछन् ? के विद्यार्थी शिक्षकले मातृभाषा/अल्पसङ्ख्यक भाषाका साथै बहुसङ्ख्यक/राष्ट्रिय भाषामा पढाउन सिकिरहेका छन् ?
- कति वा कुन शिक्षक शिक्षा सामग्रीहरूले अल्पसङ्ख्यक जातीय/भाषिक समूहहरू, अपाङ्गता भएका व्यक्तिहरू, ग्रामीण र सहरी परिवेशका व्यक्तिहरू, एवम् धनी/गरिब आदि पृष्ठभूमिका

---

7 Mwanyalo, P. with Lewis, I. 2012. 'Striving for better teaching. The EENET interview with Peter Mwanyalo, Kenya' Enbling Education Review newsletter. Issue 1. December 2012. p. 15.

8 Forgas, 2012, p. 37.

9 Ibid., p. 35

मानिसहरूका विशेषताहरूको चित्रण गर्दछन् ? के उनीहरूलाई निष्पक्ष, आम नागरिकसरह वा/र समान दायित्वका आधारमा चित्रण गरिएको छ ?

- के पुरुष र महिला, छात्र र छात्रा समान रूपमा शिक्षक शिक्षा सामग्रीहरूमा चित्रण गरिएको छ ? साथै के उनीहरूलाई शक्तिका आधारमा दिइने भूमिकाहरूमा सन्तुलन गरिएको छ ?
- शिक्षक शिक्षा सामग्रीहरू निर्माण गर्दा कसले जानकारी (Input) उपलब्ध गराउँछ ? के यस्ता सामग्री निर्माताहरूको समूहमा समाजका विविध पृष्ठभूमि तथा/वा विभिन्न सरोकारवाला समूहको प्रतिनिधित्व छ भन्ने कुरा सुनिश्चित गर्ने कुनै यस्तो संयन्त्र छ ?

## पैरवी लक्ष्यहरु

**शिक्षक शिक्षा सामग्री पैरवी सन्देश -९**

***शिक्षक शिक्षा सामग्रीहरू सबै विद्यार्थी शिक्षकहरूको पहुँच पुग्ने एवम् समावेशी हुनुपर्दछ ।***

विद्यार्थी शिक्षकहरूले प्राप्त गरेको शिक्षा समावेशी नभए विद्यालयहरूमा समावेशी शिक्षाका लागि पहल गर्नु त्यति राम्रो होइन । त्यस कारण शिक्षक शिक्षामा प्रयोग हुने सामग्रीहरूमा "समावेशी शिक्षा अभ्यासमा" भनेर प्रदर्शन गर्नु महत्त्वपूर्ण हुन्छ ।

शिक्षक शिक्षा सामग्री निर्माताहरूले स्थानीय भाषाहरूमा सामग्रीहरू निर्माण गर्ने विधिहरू बुझेको हुनुपर्दछ। ती सामग्रीहरू एकातिर सिर्जनात्मक तरिकाले नयाँ रूपमा लेख्न सकिन्छ भने अर्कातिर अन्य भाषाहरूबाट प्रभावकारी रूपमा अनुवाद एवम् अनुकूलन गर्न सकिन्छ । यस्ता सामग्रीहरू विविध भाषिक समूहका सरोकारवालाहरू (शिक्षकहरू, विद्यार्थी शिक्षकहरू, समुदायका सदस्यहरू आदि) द्वारा विवेचनात्मक रूपमा पुनरावलोकन गरिनुपर्दछ ।

अपाङ्गता भएका विद्यार्थी शिक्षकहरूको सहज पहुँच हुने गरी शिक्षक शिक्षा सामग्रीहरू निर्माण गर्न प्रयास गरिनुपर्छ । यसको अर्थ विश्वव्यापी रूपरेखा वा ढाँचा (Universal Design) का सिद्धान्तहरूलाई अवलम्बन गरेर सामग्री निर्माण गरिनुपर्छ भन्ने हो । उदाहरणका लागि श्रव्य सामग्रीहरू, ठूलो छापा (प्रिन्ट) अथवा ब्रेल ढाँचामा लेखिएका सामग्रीहरू, टेवलमा राख्दा खुला हुनसक्ने गरी जिल्ला (Cover) राखिएका पुस्तकहरू, दृश्य सामग्रीहरूमा उपशीर्षकहरू राखेर (Sub Titles) शिक्षक प्रशिक्षकहरूलाई ब्रेल लिपिमा स्पर्श सामग्रीहरू तयार गर्ने सल्लाह र सहयोग इत्यादिको उपलब्धता हुनुपर्दछ । अपाङ्गता भएका सरोकारवाला विद्यार्थी शिक्षक र सेवाकालीन शिक्षकहरूसमेतबाट शिक्षक शिक्षा सामग्रीहरूको ढाँचा निर्धारण गर्न परामर्श गरिनुपर्छ । यसो गर्न सकेमा सीमित स्रोतहरूको पनि प्रभावकारी रूपमा प्रयोग हुन जान्छ । गैरसरकारी संस्थाहरू एवम् अपाङ्गता भएका व्यक्तिहरूका संघ संस्थाहरूसँग पनि सामग्रीको ढाँचा वा रूपरेखा तयार गर्दा सरसल्लाह लिने साथै यस्ता सामग्रीहरूको वैकल्पिक ढाँचा तयार गर्नका लागि आर्थिक स्रोतको व्यवस्था गर्नसमेत परामर्श गरिनुपर्छ ।

**शिक्षक शिक्षा सामग्री पैरवी सन्देश - १०**

***शिक्षक शिक्षा सामग्रीहरूले भेदभावरहित सन्देशहरू सम्प्रेषित गर्नु पर्दछ, रुढीग्रस्त मानकहरूलई सक्रिय रूपमा चुनौती दिनुपर्छ साथसाथै सबै विद्यार्थी शिक्षकहरूलाई उनीहरूको पृष्ठभूमिको पर्वाह नगरिकन, सम्मानित एवम् समावेश भएको महसुस गर्न हौसला प्रदान गर्नुपर्दछ ।***

पहिला भनिए जस्तै शिक्षक शिक्षा सामग्रीहरूको विकास गर्न विविध सरोकारवालाहरू सँग परामर्श गरिनुपर्दछ । सामग्री निर्माण समूहहरूमा देशका विविध समूहहरूका प्रतिनिधिहरू संलग्न गराइनुपर्छ र उनीहरूलाई शिक्षक शिक्षा सामग्रीहरूमा रहेका विभेदहरू चिन्न र तिनको सामना गर्न तालिम दिइनुपर्छ । सबै सरोकारवालाहरू र सामग्री निर्माणकर्ताहरूलाई रुढिग्रस्त एवम् विभेदकारी उदाहरणहरू उजागर गर्न सहयोग गर्नुपर्छ । उनीहरूका विचारहरूलाई सम्मानित एवम् संवेदनशील रूपमा ग्रहण गरिन्छ भन्ने कुराको जानकारी गराइनुपर्दछ ।

सम्पूर्ण शिक्षक शिक्षा सामग्रीहरूमा समावेशी शिक्षाका बारेमा भए पनि या नभए पनि भएका रुढिवादी विचार एवम् विभेदहरू इंगित गर्ने उदाहरणहरू पत्ता लगाउन तिनको पुनरावलोकन/अनुसन्धान गरिनु पर्दछ । यसका साथै त्यस्ता सामग्रीहरूमा विभेदहरूलाई चुनौती दिइएका उदाहरणहरू पनि खोजिनु पर्दछ । रुढिग्रस्त विचारहरू र विभेदकारी उदाहरणहरू हटाउन एवम् तिनका विरुद्ध दिइएका चुनौतीका उदाहरणहरू बढाउनका लागि पनि शिक्षक शिक्षासँग सम्बन्धित स्रोत सामग्रीहरूको परिमार्जन गरिनुपर्दछ ।

शिक्षक शिक्षाका सम्पूर्ण सामग्रीहरूको एकैचोटि विस्तृत रूपमा परिमार्जन गर्न खर्चिलो एवम् बढी समय लाग्ने हुनाले यस कार्यलाई विस्तारै अगाडि बढाउनुपर्दछ । यसैबीचमा शिक्षक प्रशिक्षकहरूलाई आफैले प्रयोग गर्ने सामग्रीहरूमा रहेका रुढिग्रस्त एवम् विभेदकारी उदाहरणहरू पहिचान गर्न र तिनीहरूप्रति प्रश्न उठाउन सिकाइनुपर्छ । एउटा नकारात्मक उदाहरणलाई एउटा उपयोगी सिकाइ अवसरमा परिवर्तन गर्न वा उनीहरूका विद्यार्थी शिक्षकहरूका लागि छलफलको विषयवस्तु बनाउन सिकाउनुपर्छ । यस्तो समीक्षात्मक प्रक्रियाबाट सामग्रीमा बाँकी रहेका कुनै पनि पक्षपातपूर्ण विषयवस्तुले विद्यार्थी शिक्षक स्वयम् र आफ्ना साथीहरूप्रतिको अनुभूतिमा कुनै नकारात्मक असर पार्दैन भन्ने प्रत्याभूति गराउनु पर्दछ । यस्ता विषयवस्तुले कुनै पनि विद्यार्थी शिक्षकहरूलाई आफ्नो अध्ययनलाई निरन्तरता दिन हतोत्साहित गराउँदैनन् भन्ने सुनिश्चितता हुनुपर्दछ ।

**यो पैरवीले सकारात्मक प्रभाव पारिरहेको छ भन्ने कुराको निर्क्योल कसरी गर्ने ?**

पैरवी निर्देशिका - १ ले पैरवीको योजना बनाउने बेलामा तपाइहरूले प्रक्रिया र आफूले गरेको कामको प्रभावको अनुगमन गर्न सूचकाङ्कको विकास गर्नु हुनेछ भन्ने खुलस्त गरेको छ । यस्ता सूचकाङ्कहरू तपाईंले विकास गर्ने पैरवी उद्देश्यहरूको विस्तृतीकरणमा भर पर्नेछन् । योजनाहरूजस्तै सूचकाङ्कहरू पनि सम्पूर्ण सरोकारवालाहरूलाई समेट्ने सहभागितामूलक प्रक्रियाबाट विकास गरिनुपर्दछ ।

तलको सूचीले केही महत्त्वपूर्ण सूचकाङ्कहरू सुझाएको छ । विद्यार्थी शिक्षकहरूलाई समावेशी शिक्षाका लागि राम्रोसँग तयारी गर्नका लागि निम्नकुरामा ध्यान दिएमा शिक्षक शिक्षा सामग्रीहरूमा सुधार ल्याउन गरिएको पैरवी प्रभावकारी हुन सक्दछ :

- शिक्षक शिक्षा सामग्रीहरूको योजना बनाउने र आर्थिक सहयोग गर्ने निकायहरूले शिक्षक शिक्षामा प्रयोग गरिने समावेशी शिक्षा केन्द्रित गुणस्तरीय सामग्रीहरूको आपूर्ति बढाउन सक्छन् ।
- निर्माताहरूले सामग्रीहरूमा भएका विषयवस्तुहरूको परिमार्जन गर्न सक्दछन् जसको कारण शिक्षक शिक्षा सामग्रीहरूमा बढीभन्दा बढी समावेशी शिक्षाको विस्तृत दृष्टिकोण प्रस्तुत गर्न सकियोस् । यसो गर्दा केवल विशेष शिक्षा वा अपाङ्गतामा मात्र सीमित गरी परिमार्जन गरिनु हुँदैन ।
- स्थानीय वा क्षेत्रीय रूपमा समावेशी शिक्षासँग सम्बन्धित उच्च गुणस्तरीय शिक्षक शिक्षा सामग्रीहरूको विकास र प्रकाशनका कारण विद्यार्थी शिक्षकहरू एवम् शिक्षक प्रशिक्षकहरूको परिस्थितिअनुकूल सान्दर्भिक सामग्रीहरूप्रति सहज पहुँच बढाउन सकियोस् ।
- आवश्यकताअनुसार शिक्षा नीतिहरूको पुनरावलोकन, परिमार्जन गरी शिक्षक प्रशिक्षकहरूलाई

आफ्नो सीप विकास गर्न, आफ्नै सामग्रीहरू निर्माण गर्न वा विद्यमान सामग्रीहरूलाई अनुकूलन गरी प्रयोग गर्न बढीभन्दा बढी स्वतन्त्रता र सहयोग प्राप्त हुन्छ ।

- शिक्षा मन्त्रालय र शिक्षक शिक्षा संस्थाहरूले शिक्षक प्रशिक्षकहरूका लागि व्यवहारिक मार्गदर्शन अपनाउन स्थानीय र बाह्य सामग्रीहरूलाई आफ्नो परिस्थिति अनुसार बढी प्रभावकारी र लचकताका साथ प्रयोग गर्न सकिने बनाएका हुन् ।
- शिक्षक शिक्षा सामग्रीहरूमा धेरै अनुपातमा समावेशी शिक्षासम्बन्धी विषयवस्तु समावेश गर्न पनि संशोधन गरिन्छ । यसले गर्दा विद्यार्थी शिक्षकहरूले समावेशी शिक्षाका सिद्धान्तहरूलाई कसरी वास्तविकतामा परिणत गर्न सकिन्छ भन्ने कुरा बुझ्न सक्दछन् ।
- धेरै सङ्ख्यामा समावेशी शिक्षाको अभ्यास गरिएका उदाहरणहरू एवम् घटना अध्ययनहरूको (विभिन्न शिक्षा सरोकारवालाहरूले) पहिचान गरिन्छ र स्थानीय स्तरमा अभिलेखीकरण गरिन्छ । यस्ता प्रलेखहरू शिक्षक शिक्षा सामग्रीहरूको माध्यमबाट प्रसार गरिन्छ । यसले गर्दा विद्यार्थी शिक्षकहरूमा समावेशी शिक्षालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न बढी उपायहरू र आत्मविश्वासको विकास हुन सक्दछ ।
- पेसागत विकास कार्यक्रमहरूको विकासका साथै यिनीहरूको सामयिक सुधार गरिन्छ । जसको परिणामस्वरूप शिक्षक शिक्षा सामग्रीहरूको विकास गर्ने जिम्मेवार व्यक्तिहरूमा समावेशिता, विविधता र भेदभावरहित अवस्थाप्रति सचेत हुन र तिनलाई राम्रोसँग बुझ्नसक्ने क्षमता विकास हुन्छ ।
- सरोकारवालाहरू (जस्तै : अनुभवी शिक्षकहरू, अभिभावकहरू,विद्यार्थीहरू, र समुदायका विविध सीमान्तकृत समूहका प्रतिनिधिहरू) ले शिक्षक शिक्षा सामग्रीहरू निर्माणमा आफ्ना विचार र जानकारीहरू उपलब्ध गराउनसक्ने संयन्त्रको स्थापना गरिन्छ । जसले गर्दा विद्यार्थी शिक्षकहरूले आफ्नै विविधताहरूको प्रतिनिधित्व गरेका सामग्रीप्रति सहज पहुँच प्राप्त गर्न सक्छन् ।
- धेरै अनुपातमा शिक्षक शिक्षा सामग्रीहरू, सक्रिय सिकाइ विधिहरू, विद्यार्थी केन्द्रित शिक्षण विधि र समावेशी वातावरणमा ती विधिको प्रयोग गरी प्रत्यक्ष र व्यवहारिक अनुभव प्राप्त व्यक्तिहरूद्वारा लेखिएका वा पुनरावलोकन गरिएका हुन्छन् । यसको फलस्वरूप शिक्षक प्रशिक्षकहरूले यस्ता सामग्रीहरूको नवीनतम् प्रयोग गर्न सक्दछन् ।
- सम्पूर्ण शिक्षक शिक्षा सामग्रीहरूमा भएका विभेदकारी विषयवस्तुहरू हटाउन, समानता, विविधता एवम् समावेशितालाई प्रवर्धन गर्ने खालका विषयवस्तुहरू समावेश गर्न शिक्षा मन्त्रालय साथै शिक्षक शिक्षा संस्थाहरूमा ती सामग्रीहरूको पुनरावलोकन र परिमार्जन गर्ने संयन्त्रहरू स्थापना गरिन्छ । जसको फलस्वरूप शिक्षक शिक्षा सामग्रीहरूको निरन्तर पुनरावलोकन र प्रतिविम्बन गर्ने प्रक्रियाको विकास हुन्छ र अन्ततः बढीभन्दा बढी समावेशी सामग्रीहरू निर्माण हुन्छन् ।
- अल्पसङ्ख्यक भाषाहरूमा निर्माण गरिएका शिक्षक शिक्षा सामग्रीहरूको विकास हुन्छ र वैकल्पिक एवम् सहज ढाँचाहरूमा ती सामग्रीहरूको प्रकाशन गरिन्छ जसको परिणाम उक्त भाषाका विद्यार्थी शिक्षकहरूमा र अपाङ्गता भएका विद्यार्थी शिक्षकमा पनि समानता र समावेशी भावनाको बोध हुन्छ । यसबाट सम्पूर्ण विद्यार्थी शिक्षकहरूले समावेशिताका सिद्धान्तहरूको व्यवहारिक प्रयोगको अनुभव प्राप्त गर्दछन् ।

# अनुसूची

निम्न तालिकामा माथिका चारवटा चुनौतीहरूमा उल्लेख गरिएका पैरवी सन्देशहरूका लागि सम्भावित लक्षित व्यक्ति वा संस्थाहरू प्रस्तुत गरिएको छ। तपाइँले आफ्ना परिस्थितिका लक्षित समूहहरूलाई उक्त सन्देशहरू पुऱ्याउनका लागि अपनाउन सक्ने विधि र साधनहरूका बारेमा आफ्ना विचारहरू पनि तालिकामा राख्न सक्नुहुन्छ। आफ्ना सहकर्मीहरू एवम् अन्य सरोकारवालाहरूसँगको परामर्शमार्फत तपाइँले विचारहरूको विकास गर्न सक्नुहुन्छ। पैरवी र प्रयोग हुने विधि/साधनहरूका बारेमा अझ बढी सल्लाह सुझावहरू पैरवी निर्देशिका - १ मा पाउन सकिन्छ।

| पैरवी सन्देश के हो ? | कसले सुन्नुपर्छ ? | तपाइँले आफ्नो परिवेशमा यो सन्देशलाई कसरी प्रवाह गर्न सक्नुहुन्छ ?* |
|---|---|---|
| "समावेशी शिक्षाको अवधारणालाई निश्चित शिक्षक शिक्षा सामग्रीहरूको माध्यमबाट र सम्पूर्ण शिक्षक शिक्षा सामग्रीहरूमा समाहित गरी सम्बोधन गरिनुपर्दछ।" | • शिक्षक शिक्षा र शिक्षक शिक्षा सामग्रीहरू निर्माणमा जिम्मेवार शिक्षा मन्त्रालयका अधिकारीहरू<br>• बजेट एवम् सामग्री खरिदका लागि जिम्मेवार सरकारी विभागहरू/निकायहरू<br>• शिक्षक शिक्षा संस्थाहरू/शिक्षाशास्त्र सङ्कायहरूमा सामग्रीहरूको छनोट, खरिद वा लेखन/डिजाइनमा संलग्न कर्मचारीहरू<br>• भिन्न भिन्न सामग्रीहरूमा पहुँचको अपेक्षा गर्ने विद्यार्थी शिक्षकहरू | |
| "शिक्षक शिक्षा सामग्रीहरू राष्ट्रिय/क्षेत्रीयरूपमा विकास गरिनुपर्दछ र यिनीहरूमा समावेशी शिक्षासँग सम्बन्धित सान्दर्भिक र अद्यावधिक सूचनाहरू र उदाहरणहरू समावेश गरिनुपर्दछ। आयात गरिएका स्रोत सामग्रीहरूलाई नवीन र समालोचनात्मक तरिकाले प्रयोग गरिनुपर्दछ।" | • शिक्षक शिक्षा र शिक्षक शिक्षा सामग्रीहरू निर्माणमा जिम्मेवार शिक्षा मन्त्रालयका अधिकारीहरू<br>• बजेट एवम् सामग्री खरिदका लागि जिम्मेवार सरकारी विभागहरू/निकायहरू<br>• शिक्षक शिक्षा संस्थाहरू/शिक्षाशास्त्र सङ्कायहरूमा सामग्रीको छनोट, खरिद र लेखन डिजाइनमा संलग्न कर्मचारीहरू<br>• शिक्षक प्रशिक्षकहरूलाई शिक्षण गर्ने जिम्मेवार व्यक्तिहरू (जस्तै : शिक्षक प्रशिक्षकहरूलाई नवीन र समालोचनात्मक तरिकाले सामग्रीहरूको प्रयोग गर्न सहयोग गर्ने)<br>• विभिन्न सामग्रीहरूमा पहुँचको अपेक्षा/माग गर्ने विद्यार्थी शिक्षकहरू | |

* पैरवी निर्देशिका -१ मा दिइएको सुझाव अनुसार तपाईंका आफ्नै विचारहरू यहाँ राख्नुहोस्।

| पैरवी सन्देश के हो ? | कसले सुन्नुपर्छ ? | तपाईंले आफ्नो परिवेशमा यो सन्देशलाई कसरी प्रवाह गर्न सक्नुहुन्छ ?* |
|---|---|---|
| "शिक्षक शिक्षा सामग्रीको चयन र/वा निर्माण गर्ने कर्मचारीहरूका लागि निरन्तर पेसागत विकास कार्यक्रम सञ्चालन गरिनुपर्दछ । उनीहरूले आफ्ना अनुभवहरू देश विदेशमा आदानप्रदान गर्नुपर्दछ । यस्ता स्रोत सामग्री निर्माताहरूको समूहले आफ्ना देशको विविधतालाई प्रतिनिधित्व गर्नुपर्दछ ।" | • शिक्षक शिक्षा सामग्रीहरू निर्माणकर्ताको नियुक्ति, तालिम र व्यवस्थापन गर्ने जिम्मेवारी पाएका शिक्षा मन्त्रालय वा शिक्षक शिक्षा संस्थाका प्रमुखहरू<br>• शिक्षक शिक्षा सामग्री निर्माता/ छनोटकर्ताहरू<br>• परिवेशअनुसार सान्दर्भिक हुने सामग्रीहरूप्रति पहुँचको माग गर्ने विद्यार्थी शिक्षकहरू<br>• शिक्षक शिक्षा सामग्री निर्माण/छनोट प्रक्रियामा आफ्नो भूमिका खोज्ने विविध सरोकारवालाहरूका प्रतिनिधिहरू | |
| "शिक्षक शिक्षा सामग्रीहरूमा समावेशी शिक्षाका विभिन्न शैक्षिक परिवेशमा प्राप्त वास्तविक अभ्यासहरूलाई उदाहरणका रूपमा समाविष्ट गराइनुपर्दछ र त्यस्ता अभ्यासबाट सुसूचित हुनुपर्दछ" | • शिक्षक शिक्षा सामग्रीहरूको योजना बनाउने, लेख्ने, ढाँचा तयार गर्ने र पुनरावलोकन गर्ने शिक्षा मन्त्रालय वा /एवम् शिक्षक शिक्षा संस्थाका कर्मचारीहरू<br>• समावेशी शिक्षा परियोजनाहरू/समावेशी शिक्षा विद्यालयहरू लाई सहयोग उपलब्ध गराउने र यस्ता अभ्यासको अभिलेखीकरण आदानप्रदान गर्ने सरकारी र गैरसरकारी संस्थाका कर्मचारीहरू<br>• परिवेशअनुसार सान्दर्भिक एवम् अभ्यास केन्द्रित सामग्रीहरूप्रति पहुँचको माग गर्ने विद्यार्थी शिक्षकहरू<br>• शिक्षक शिक्षामा सुधार ल्याउन आफ्ना अनुभवहरूको अभिलेखीकरण र प्रयोगका लागि सहयोगको माग गर्ने सेवाकालीन शिक्षकहरू र अरू शिक्षासम्बन्धी सरोकारवालाहरू | |

* पैरवी निर्देशिका -१ मा दिइएको सुझाव अनुसार तपाईंका आफ्नै विचारहरू यहाँ राख्नुहोस् ।

| पैरवी सन्देश के हो ? | कसले सुन्नुपर्छ ? | तपाईंले आफ्नो परिवेशमा यो सन्देशलाई कसरी प्रवाह गर्न सक्नुहुन्छ ?* |
|---|---|---|
| "सरोकारवालाहरूले शिक्षक शिक्षा सामग्रीमा समावेशी शिक्षासँग सम्बन्धित विषयवस्तुहरूको पुनरावलोकन गर्न र सुसूचित गर्न सशक्त भुमिका खेल्नुपर्दछ ।" | • शिक्षक शिक्षा सामग्रीहरूको योजना बनाउने, लेख्ने, ढाँचा तयार गर्ने र पुनरावलोकन गर्ने शिक्षा मन्त्रालय वा/एवम् शिक्षक शिक्षा संस्थाहरूका कर्मचरीहरू<br>• समावेशी शिक्षा परियोजनाहरू/समावेशी विद्यालयहरूलाई सहयोग उपलब्ध गराउने सरकारी र गैरसरकारी संस्थाका कर्मचारीहरूका साथै शिक्षक शिक्षा सामग्री निर्माण प्रक्रियामा सरोकारवालाहरूको संलग्नतालाई सहजीकरण गर्ने कर्मचारीहरू<br>• सरोकारवालाहरूको संलग्नताबाट निर्माण गरिएका सामग्रीहरूमा पहुँचको माग गर्ने विद्यार्थी शिक्षकहरू<br>• शिक्षक शिक्षा सामग्रीहरूमा समावेशी शिक्षासम्बन्धी आफ्ना विचार र अनुभवहरू समेटिएको र तिनको प्रयोग गरिएको अपेक्षा गर्ने सरोकारवालाहरू | |
| "शिक्षक प्रशिक्षकहरूलाई शिक्षक शिक्षा सामग्रीहरूको छनोट गर्ने, परिस्थितिअनुरूप बनाउने र तिनको प्रयोग गर्ने कुरामा स्वतन्त्रता र सीप दिइनुपर्छ ।" | • शिक्षक शिक्षाको नीति निर्माणमा जिम्मेवार शिक्षा मन्त्रालयअन्तर्गतका कर्मचारीहरू/विभागहरू<br>• शिक्षक शिक्षा नीतिहरू कार्यान्वयन गर्ने शिक्षक शिक्षा संस्थाहरूका प्रमुखहरू<br>• आफ्नो प्रयोगमा आउने शिक्षण सामग्रीहरूको छनोट र अनुकूलनमा लचकताका लागि नीतिगत परिवर्तनको माग गर्ने शिक्षक प्रशिक्षक एवम् विद्यार्थी शिक्षकहरू | |
| "शिक्षक शिक्षा सामग्रीहरूको योजना, लेखन, निर्माण एवम् पुनरावलोकन सक्रिय सिकाइ विधिहरूको प्रयोग र सम्बन्धित सामग्रीहरूको अनुकुलन गर्ने प्रत्यक्ष अनुभव भएका व्यक्तिहरूद्वारा गरिनु पर्दछ ।" | • शिक्षक शिक्षा सामग्रीहरूको योजना बनाउने, लेख्ने, ढाँचा तयार गर्ने, पुनरावलोकन गर्ने जिम्मेवारी बहन गरेका शिक्षा मन्त्रालय वा/तथा शिक्षक शिक्षा संस्थाहरूका कर्मचारीहरू<br>• शिक्षक प्रशिक्षकहरूको निरन्तर पेसागत विकास गर्ने जिम्मेवारी पाएका शिक्षा मन्त्रालयहरू वा/तथा शिक्षक शिक्षा संस्थाहरूका कर्मचारीहरू (ताकि शिक्षक प्रशिक्षकहरू शिक्षक शिक्षा सामग्रीमा उल्लिखित समावेशी अभ्यासको नमुना देखाउन इच्छुक र सीपालु होऊन्)<br>• विद्यार्थी शिक्षकहरू जसले शिक्षक प्रशिक्षकहरूलाई समावेशी अभ्यासको नमुना प्रदर्शन गर्ने सीप विकासका लागि आव्हान गर्न सक्दछन् । | |

* पैरवी निर्देशिका -१ मा दिइएको सुझाव अनुसार तपाईंका आफ्नै विचारहरू यहाँ राख्नुहोस् ।

| पैरवी सन्देश के हो ? | कसले सुन्नुपर्छ ? | तपाईंले आफ्नो परिवेशमा यो सन्देशलाई कसरी प्रवाह गर्न सक्नुहुन्छ ?* |
|---|---|---|
| “शिक्षक शिक्षा सामग्रीहरूको योजना, लेखन, निर्माण एवम् पुनरावलोकन सक्रिय सिकाइ विधिहरूको प्रयोग र सम्बन्धित सामग्रीहरूको अनुकुलन गर्ने प्रत्यक्ष अनुभव भएका व्यक्तिहरूद्वारा गरिनु पर्दछ ।” | • सामग्री निर्माताहरूको नियुक्ति र उनीहरूलाई प्रशिक्षित गराउने जिम्मेवारी पाएका शिक्षा मन्त्रालयहरू वा/तथा शिक्षक शिक्षा संस्थाका कर्मचारीहरू<br>• आफूहरूले प्रयोग गर्ने सामग्रीहरूको व्यवहारिकतामा (अनुभवी अभ्यासकर्ताहरूले निर्माण गरेकालाई) जोड दिने शिक्षक प्रशिक्षकहरू तथा विद्यार्थी शिक्षकहरू | |
| “शिक्षक शिक्षा सामग्रीहरू सबै विद्यार्थी शिक्षकहरूको पहुँचमा एवम् समावेशी हुनुपर्दछ ” | • शिक्षा मन्त्रालय वा/तथा शिक्षक शिक्षा संस्थाहरूका शिक्षक शिक्षा सामग्री विकास एवम् सामग्री निर्माणकर्ताको नियुक्तिका लागि जिम्मेवारी बोकेका अधिकारीहरू<br>• बजेट र सामग्रीहरूको खरिदसम्बन्धी जिम्मेवारी प्राप्त सरकारी विभागहरू<br>• आफ्नो भाषामा र पहुँचयोग्य सामग्रीहरूको आवश्यकताको माग गर्ने विद्यार्थी शिक्षकहरू<br>• विद्यार्थी शिक्षकहरूका मागहरूसँग हातेमालो गर्ने साथै आर्थिक, प्राविधिक अथवा पैरवी गर्न सहयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरूका संघ संस्थाहरू र गैरसरकारी संस्थाहरू | |
| “शिक्षक शिक्षा सामग्रीहरूले भेदभावरहित सन्देशहरू सम्प्रेषित गर्नुपर्दछ, रुढिग्रस्त मानकहरूलई सक्रिय रूपमा चुनौती दिनुपर्छ र सबै विद्यार्थी शिक्षकहरूलाई उनीहरूको पृष्ठभूमिको पर्वाह नगरिकन सम्मानित एवम् समावेश भएको महसुस गर्न हौसला प्रदान गर्नुपर्दछ ” | • शिक्षा मन्त्रालय वा/तथा शिक्षक शिक्षा संस्थाहरूका शिक्षक शिक्षा सामग्री विकास एवम् सामग्री निर्माणकर्ताको नियुक्ति गर्ने जिम्मेवारी बोकेका अधिकारीहरू<br>• सामग्रीहरूको परिमार्जन एवम् पुनरावलोकनको आवश्यकताको माग गर्ने विद्यार्थी शिक्षकहरू<br>• सामग्रीहरूको परिमार्जन र पुनरावलोकनको आवश्यकता माग गर्ने विविध समूहका सरोकारवालाहरू | |

* पैरवी निर्देशिका -१ मा दिइएको सुझाव अनुसार तपाईंका आफ्नै विचारहरू यहाँ राख्नुहोस् ।

# अनुवादकको भनाइ

यो प्रतिवेदन युनेस्को बैककबाट प्रकाशित "समावेशी शिक्षक शिक्षाको प्रवर्धन" (Promoting Inclusive Teacher Education)को नेपाली अनुवाद हो । अनुवाद सरल हुनुपर्छ भन्ने मान्यताका आधारमा यसको अनुवाद गरिएको छ । पाठकलाई बुझ्न सजिलो होस् भनेर वाक्य सकेसम्म छोटा बनाउने प्रयास गरिएको छ । अनुवादको सबैभन्दा सानो एकाइ शब्दलाई नभएर बाक्यलाई बनाइएको कारण शब्दको हुबहु नेपाली रुपान्तरण फेला नपर्न सक्छ । तर, वाक्यको मूल भाव यथावत् राखिएको छ । यद्यपि तथ्यगत कुराहरु र समावेशी शिक्षा क्षेत्रका प्राविधिक शब्दहरुको भने शब्दानुवाद नै गरिएको छ । यस प्रतिवेदनलाइ नेपालीमा अनुवाद गर्ने जिम्मेवारी दिनु भएकोमा युनेस्को काठमाडौंका प्रमुख क्रिश्चियन म्यानहार्ट तथा शिक्षा एकाइ प्रमुख तपराज पन्त लगायत ध्रुब क्षेत्रीप्रति आभार व्यक्त गर्दछु ।

**प्रा. वासुदेव काफ्ले**
प्रमुख, समावेशी शिक्षा विभाग
त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर

# ‘समावेशी शिक्षक शिक्षाको प्रवर्धन’ शृङ्खलाभित्र ५ वटा पैरवी निर्देशिकाहरू छन् ।

## पैरवी निर्देशिका १ : परिचय

यसमा उल्लिखित परिचयात्मक सामग्रीले पैरवी निर्देशिकाहरूको सान्दर्भिक परिचय गराउँदछ, र तिनको निर्माण सम्बन्धमा पृष्ठभूमि बताउँदछ । यसले समावेशी शिक्षाको परिचय गराउँछ र के गर्दा प्रभावकारी पैरवी हुनसक्छ, कसले यस्तो पैरवी गर्नसक्छ अनि कसरी पैरवी गर्न सकिन्छ भन्ने कुराहरूलाई समेट्दछ । यस परिचयात्मक पुस्तिकाले नीति, पाठ्यक्रम, सामग्री र विधि सम्बन्धमा बनेका निर्देशिका पुस्तिकाहरूको बारेमा पनि समग्रमा जानकारी दिन्छ ।

## पैरवी निर्देशिका २ : नीति

यस पैरवी निर्देशिकाले शिक्षक शिक्षासम्बन्धी नीतिमा रहेका चुनौती तथा बाधक तत्वहरूमा ध्यानाकर्षण गराउँदछ । यसले शिक्षक शिक्षा प्रदायक संस्थाहरूका लागि र शिक्षा मन्त्रालयजस्ता निकायहरूलगायत शिक्षासँग सम्बन्धित अन्य सरोकारवालाहरूका लागि समावेशी नीतिको पक्षपोषण गर्नका साथै यस्तो नीतिको अवलम्बन र कार्यान्वयनमा सघाउने मनसायले त्यस दिशामा उपयोगी हुनसक्ने रणनीतिहरू र समस्या समाधानका उपायहरू प्रदान गर्दछ ।

## पैरवी निर्देशिका ३ : पाठ्यक्रम

यस पैरवी निर्देशिकाले पूर्वसेवाकालीन शिक्षक शिक्षा पाठ्यक्रममा रहेका चुनौती र बाधा-अड्चन हरूका बारेमा चर्चा गर्दछ । यसले शिक्षक शिक्षा प्रदायक संस्थाहरूका लागि, शिक्षा मन्त्रालयका लागि र शिक्षासँग सम्बन्धित अन्य सरोकारवालाहरूका लागि, समावेशी पाठ्यक्रमको मान्यता अवलम्बन गर्नका साथै यस्तो पाठ्यक्रमको निर्माण र कार्यान्वयन गर्न सघाउ पुऱ्याउने अभिप्रायले उक्त कार्यहरूमा उपयोगी हुनसक्ने रणनीतिहरू र समस्या समाधानका उपायहरू प्रस्तुत गर्दछ ।

## पैरवी निर्देशिका ४ : सामग्रीहरू

यस पैरवी निर्देशिकाले शिक्षक शिक्षामा प्रयोग हुने शिक्षण-सिकाइका सामग्रीहरूमा रहेका चुनौति र बाधा-अड्चनहरूमा प्रकाश पार्दछ । यसले शिक्षक शिक्षा प्रदायक संस्थाहरूका लागि, शिक्षा मन्त्रालयका लागि र शिक्षासँग सम्बन्धित अन्य सरोकारवालाहरूका लागि समावेशी पठन-पाठन सामग्रीको मान्यता अवलम्बन गर्नका साथै यस्ता पठन-पाठन सामग्रीहरूको निर्माण र कार्यान्वयन गर्न अभिप्रायले उक्त कार्यहरूमा उपयोगी हुनसक्ने रणनीति र समस्या समाधानका उपायहरू प्रस्तुत गर्दछ ।

## पैरवी निर्देशिका ५ : विधि

यस पैरवी निर्देशिकाले शिक्षक शिक्षा प्रदायक संस्थामा प्रचलित शिक्षण विधिमा रहेका चुनौती र बाधाहरूमा जोड दिन्छ । यसले शिक्षक शिक्षा प्रदायक संस्थाहरूका लागि, शिक्षा मन्त्रालयका लागि र शिक्षासँग सम्बन्धित अन्य सरोकारवालाहरूका लागि समावेशी शिक्षण विधिको मान्यता अवलम्बन गर्नका साथै यस खालको शिक्षण पद्धतिबाट निर्देशित भएर शिक्षण विधिहरूको प्रयोग गर्न-गराउनका लागि उपयोगी हुनसक्ने रणनीतिहरू र समस्या समाधानका उपायहरू प्रस्तुत गर्दछ ।

United Nations
Educational, Scientific and
Cultural Organization

**UNESCO Bangkok**
Asia and Pacific Regional Bureau for Education

Mom Luang Pin Malakul Centenary Building
920 Sukhumvit Road, Prakanong, Klongtoey
Bangkok 10110, Thailand
E-mail: appeal.bgk@unesco.org
Website: www.unesco.org/bangkok
Tel: +66-2-3910577 Fax: +66-2-3910866